सौर्य दैनिक
www.souryaonline.com


यस भित्र

वर्ष १३ अंक ३ बिहीबार, १० फागुन २०८० SOURYA NATIONAL DAILY Thursday, 22 February 2024 पृष्ठ : ८ मूल्य रू. ५

### कांग्रेस महासमिति बैठक

# गठबन्धन र कोशीको नामकरणमा दुई धार

■ महासमिति सदस्यलाई जिल्ला कार्यसमितिमा ल्याउन माग ■ माओवादीलाई धेरै नबिच्क्याउन नेतृत्वलाई सुझाव




■ **सौर्य समाचार**

ललितपुर । नेपाली कांग्रेसको महासमिति बैठकमा मंगलबार पेस भएका पाँच प्रस्तावमाथि छलफल जारी रहेको छ । बैठकमा मंगलबार पार्टीका उपसभापति, महामन्त्रीद्वय, प्रवक्ता र लेखा समितिका संयोजकले पेस गरेको पाँच प्रतिवेदनमाथि छलफल जारी रहेको हो । ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा चार समूह बनाएर छलफल सुरु गरिएको हो । छलफल बुधबार अबेरसम्म चलेको थियो । बुधबारको बैठकको अधिकांश समय कोशी प्रदेशको नामकरण र आगामी चुनावमा गठबन्धन गर्ने कि नगर्ने भन्नेमा केन्द्रित रह्यो

बैठकमा पार्टीका उपसभापति पूर्णबहादुर खड्काद्वारा प्रस्तुत नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाद्वारा प्रस्तुत सांगठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माद्वारा प्रस्तुत समसामयिक राजनीतिक प्रस्ताव, पार्टीका प्रवक्ता डा.प्रकाशशरण महतद्वारा प्रस्तुत आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रस्ताव र लेखा समितिका संयोजक श्यामकुमार घिमिरेको लेखापरीक्षण प्रतिवेदन प्रस्तावमाथि समूहगत छलफल सुरु भएको हो ।

वक्ताहरूलाई आफ्नो सुझाव र धारणा राख्न पाँच मिनेटको समय तोकिएको छ । वक्ताहरूले समयको परिधिभित्र रहेर आफ्नो धारणा राखिरहेका छन् । सम्मेलन केन्द्रको मुख्य हल गोदावरी हलमा कोशी र सुदूरपश्चिम प्रदेश, कोन्ज्योसोम हलमा लुम्बिनी प्रदेश, भ्रातृ तथा शुभेच्छुक संस्था र जनसम्पर्क समितिहरू, फुलचोकी हलमा बागमती र गण्डकी प्रदेश र विशंखुनारायण हलमा मधेस र कर्णाली प्रदेशको समूहगत छलफल भइरहेको पार्टीका प्रचारप्रसार उपसमितिका संयोजक मीनबहादुर विश्वकर्माले जानकारी दिए ।

बैठकमा धारणा राख्ने वक्ताहरूले पार्टी संगठनलाई चुस्त, दुरुस्त बनाउन महासमिति सदस्यहरूलाई जिल्ला कार्यसमितिको पदेन सदस्य बनाइनुपर्ने, निर्वाचन अगाडि गठबन्धन गर्न नहुने, अहिलेको गठबन्धनलाई निरन्तर राख्नुपर्ने, पार्टी र जनप्रतिनिधिबीच समन्वय हुनुपर्ने, महिलालाई पार्टीभित्र पदाधिकारी लगायतका पदमा ३३ प्रतिशत अधिकार दिनुपर्नेलगायत धारणा राखेका छन् ।

पाँच वटा प्रतिवेदनहरूमाथि समूहगत रूपमा छलफल भइरहेको छ । चितवनका सभापति राजेश्वर खनालले राजनीतिलाई विकाससँग जोड्नुपर्ने बताए । उनले शिक्षा, रोजगारी र कृषिलाई जोडेर लैजाँदा जनशक्ति व्यवस्थापन पनि सहज हुने बताएका हुन् । सरकार र पार्टीबीचको सम्पर्क बढाउनुपर्ने उनले बताए ।

स्याङ्जाका सभापति राजु थापाले जनताको म्यान्डेटअनुसार गठबन्धन गरिएको उल्लेख गर्दै चार वर्षपछि गठबन्धन गर्ने कि नगर्ने भन्ने विषय अहिले नै निर्णय गर्नुपर्छ भन्नु उपयुक्त नहुने बताए । उनले भने, 'प्रतिपक्षी दल नेकपा एमाले अहिले गठबन्धन तोड्ने रणनीतिमा छ । जनतामा संघीयता महँगो भयो भन्ने

बाँकी पृष्ठ २

## ललिता निवास क्षेत्रको जग्गा खाली गर्न सातदिने सूचना

■ **सौर्य समाचार**

काठमाडौं । बालुवाटारस्थित ललिता निवास क्षेत्रको जग्गा कब्जा गरी बसेकालाई एक हप्ताभित्र जग्गा खाली गर्न काठमाडौं महानगरपालिकाले अल्टिमेटम दिएको छ । काठमाडौं महानगरले बुधबार एक सूचना जारी गर्दै सात दिन भित्रमा उक्त क्षेत्रमा निर्माण भएका संरचना खाली गर्न निर्देशन दिएको हो ।विशेष अदालत, काठमाडौंबाट वादी नेपाल सरकार र प्रतिवादी कलाधर देउजासमेत १ सय ७५ जना भएको 'सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार गरेको' मुद्दामा भएको फैसलाबाट काठमाडौं महानगरपालिका-४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको जग्गा जफत (सरकारी) भएको भन्दै महानगरले जग्गा खाली गर्न आग्रह गरेको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१३ स्थानीय तहको सम्पत्तिको संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ९७ (१) ले काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानुनी दायित्व महानगरपालिकालाई तोकेको छ । विशेष अदालत, काठमाडौंको उक्त फैसलाबाट जफत (सरकारी) भएको काठमाडौं महानगरपालिका-४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको सरकारी सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गर्नका लागि सूचना प्रकाशित गरिएको महानगरले जनाएको छ ।

'यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र उक्त ललिता निवास क्षेत्रमा रहेका व्यक्ति, कम्पनी तथा सघसंस्थाहरू सो क्षेत्रबाट हटी सरकारी सम्पत्तिको संरक्षण तथा उचित प्रबन्ध गर्ने कार्यमा महानगरपालिकालाई सहयोग गर्नुहुन अनुरोध गरिन्छ । यस सूचनाले तोकेको समयभित्र सो क्षेत्रबाट नहटेमा प्रचलित कानुन बमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिने व्यहोरासमेत यसै सूचनामार्फत सम्बद्ध सरोकारवालालाई सूचित गरिन्छ' महानगरद्वारा जारी सूचनामा भनिएको छ ।

### ■ एमाले बैठकमा पोखरेलेको प्रतिवेदन

## बैठक नराख्ने, टाउके मात्र बसेर निर्णय गर्ने प्रवृत्ति बढ्यो



■ **सौर्य समाचार**

काठमाडौं । नेकपा एमालेले पार्टीमा स्वेच्छाचारिता, निजी स्वार्थ केन्द्रित व्यक्तिवाद, अवसरवाद र चारित्रिक विचलन तथा अनुशासनहीन प्रवृत्ति झाँगिन पुगेको भन्दै जनआधारित कार्यकर्ता पार्टी निर्माणमा समस्या भएको पहिचान गरेको छ । जारी एमाले केन्द्रीय कमिटीको बैठकले पार्टीभित्र मौलाएको यस्तो अराजकता नियन्त्रण गर्न अवलम्बन गर्नुपर्ने उपायको खोजी गर्दै ठोस निर्णय गरेर कार्यान्वयन प्रक्रियामा लैजाने भएको छ । गत वर्ष सञ्चालित 'मिसन ग्रासरुट'का क्रममा पनि एमाले नेताहरूले नेता कार्यकर्ताहरूमा देखिएको नकारात्मक प्रवृत्तिहरू औंल्याएका थिए ।

एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले सातौं केन्द्रीय कमिटी बैठकमा पेस गरेको अवधारणा पत्रमा पनि सोही कुरालाई दोहोर्‍याएका छन् । 'जनआधारित कार्यकर्ता पार्टी निर्माणको समस्या', शीर्षकमा नेता पोखरेलले भनेका छन्, 'हाम्रासामु जनता,

बाँकी पृष्ठ २

## एकाधिकारको विरोधमा ट्याक्सी चालक

■ **सौर्य समाचार**

काठमाडौं । २० वर्षे ट्याक्सीको सट्टाभर्नामा नयाँ ट्याक्सी खरिद गर्दा एकाधिकार प्रणाली लागू गरेको भन्दै ट्याक्सी यातायात व्यवसायीहरूले विरोध गरेका छन् । बुधबार काठमाडौंमा पुराना ट्याक्सीको र्‍यालीसहित प्रदर्शन गर्दै सम्पूर्ण ट्याक्सी यातायात व्यवसायी तथा स्वरोजगार मजदुर संयुक्त संघर्ष समितिले ट्याक्सी व्यवसायी र स्वरोजगार मजदुर हरूलाई राज्यबाट ट्याक्सीको सट्टाभर्नामा एकाधिकार प्रणाली लागू गर्दा नयाँ ट्याक्सी खरिद गर्न झनै महँगो भएको जनाएको हो ।

संघर्ष समितिले ट्याक्सी सट्टाभर्नामा सबै कम्पनीका सबै किसिमका गाडी बजार प्रतिस्पर्धा गराई पेट्रोलियम पदार्थ, ग्यासलगायत अन्य वैकल्पिक ऊर्जाबाट चल्ने सवारी साधनहरू, सहज मूल्यका सवारीसाधन खरिद गर्न पाउनुपर्ने मापदण्ड लागू गर्न सरकारलाई आग्रह गरेको छ ।

त्यस्तै, उच्च अदालत पाटनले ट्याक्सीको राष्ट्रिय मापदण्डको बारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा जारी गरेको परमादेश हुबहु कार्यान्वयन गर्न पनि सरकारको ध्यानाकर्षण गराएको छ भने ट्याक्सी सट्टाभर्नामा बजार प्रतिस्पर्धा नगराई लगाइएको एकाधिकार (सिन्डिकेट) लाई तत्काल खारेज गर्नुपर्ने साथै वैज्ञानिक तवरबाट ट्याक्सीको आयु तोकिनुपर्ने उनीहरूको माग छ । उनीहरूले प्रशासनिक निकायहरूबाट चालक मजदुरहरूमाथि गरिने अनावश्यक गतिविधि बन्द गरिनुपर्नेसमेत माग राखेका छन् ।

## राप्रपाले प्रधानमन्त्रीलाई बुझायो ४० बुँदे ज्ञापनपत्र




■ **सौर्य समाचार**

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ४० बुँदे मागसहित प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको छ । बुधबार सिंहदबार पुगेर राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन नेतृत्वको टोलीले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

पत्रमा भनिएको छ, 'आज देशको भविष्यप्रति कुनै नागरिक विश्वस्त छैन । गत ६ महिनामा मात्र ३० लाख नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिए । जान सक्ने भए उनीहरू सबै बिदेसिने थिए । विभिन्न कठिनाइ हुँदाहुँदै पनि औपचारिक र अनौपचारिक रूपमा महिनामा एक लाख नेपालीले देश छोड्ने गरेका छन् । अदक्ष र अर्धदक्ष मात्र होइन, देशका दक्ष जनशक्ति बाहिरिने क्रम त्यत्तिकै तीव्र छ । व्यवसायीहरूमा बढेको निराशाका कारण पुँजी पलायन बढ्दो छ । देश भित्रभित्रै खोक्रो बनिसकेको छ ।'

देश बनाउने मात्र होइन, बचाउनुपर्ने विन्दूमा नेपाल पुगेको निष्कर्षसहित विगत र वर्तमानका राम्रा र आवश्यक पक्षहरूलाई स्वीकार गर्दै अगाडि बढ्न राप्रपाले आग्रह गरेको छ ।

सरकारले राप्रपाको ज्ञापनपत्रको विषयलाई विश्वासिलो ढंगबाट सम्बोधन नगरे राप्रपा तत्काल सडक र सदन दुवै तहबाट देश र जनताको पक्षमा भद्र र शान्तिपूर्ण आन्दोलन गर्न बाध्य हुने चेतावनी पनि दिइएको छ । राप्रपाले अभिभावकीय भूमिकामा संवैधानिक राजसंस्था, सर्वधर्म समभावपूर्ण धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन हिन्दू अधिराज्य, प्रलोभन तथा छलकपटपूर्ण धर्मान्तरणमा तत्काल रोक, प्रदेश संरचनाको खारेजी र दुई तहको सरकार - केन्द्र र अधिकार प्राप्त स्थानीय तह, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, कार्यकारी पदहरूमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी बस्न नपाउने संवैधानिक/कानुनी व्यवस्थालगायतको ४० बुँदे माग राखेको छ ।

## एकै परिवारका तीनको हत्या गरेपछि आत्महत्या

■ **सौर्य समाचार**

काठमाडौं । काठमाडौंको नागार्जुन नगरपालिका-६ भैरबटोलमा एकै परिवारका तीन जनाको बुधबार हत्या भएको छ । सोलखुम्बुको दूधकुण्ड घर भई नागार्जुन नगरपालिका-६ भैरबटोलमा बस्दै आएकी ३८ वर्षीया ईश्वरी श्रेष्ठ, निजकी आठ वर्षीया छोरी अनिशा श्रेष्ठ र साढे दुई वर्षकी नातिनी सिवानी श्रेष्ठको हत्या भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

सो हत्यामा निज ईश्वरीका श्रीमानको संलग्नता रहेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । ईश्वरीका श्रीमान् राजु घिमिरे भनिने काजी विकको शव पनि घरभन्दा केही पर जंगलमा झुण्डिएको अवस्थामा फेला परेकाले उक्त हत्यामा निज काजी विककै हात रहेको अनुमान गरी प्रहरीले अनुसन्धान थालेको प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए । उनले भने, 'परिवारका सदस्यहरूको हत्या गरेपछि

बाँकी पृष्ठ २

## मुहार फेरिएको साँखगाउँ, जहाँ लाग्छ 'पापिनी' मेला

■ **सौर्य समाचार**



रुकुमपश्चिम । रुकुमपश्चिमको जिल्ला सदरमुकाम नजिकै रहेको छ साँखगाउँ । सो गाउँमा पापिनी मेला लाग्ने भएकाले पनि साँखगाउँ अझ परिचित छ । माथिपट्टि अग्ला भिरपहरा अनि बीच भाग हुँदै रुकुमपूर्व जोडिएको मध्यपहाडी लोकमार्ग छेवैमा छ साँखगाउँ । मध्यपहाडी राजमार्गको माथिपट्टिको गाउँलाई 'माथिगाउँ' भनिन्छ भने तल्लो गाउँलाई 'तलिगाउँ' भनिन्छ । परम्परागत शैलीमा ढुंगा, माटो तथा खरको छानाले निर्माण गरिएका घर साँखगाउँमा देख्न सकिन्छ ।

विकासक्रमसँगै पछिल्लो समयम गाउँमा सरिया, सिमेन्ट प्रयोग गरेर पक्की घरहरू निर्माण पनि भइरहेका छन् । यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई टम्म मिलेका घरहरू र गाउँको बीच भागमा रहेको दह, अनि मध्यपहाडीदेखि आधा घण्टाको दुरीमा उकालो हिँडेपछि पुगिने ठूली दहले जो कोहीलाई आकर्षित गर्छ । यस दहमा हरेक वर्ष माघ १५ गते राती पापिनी मेला लाग्ने गर्छ । मेलामा पालोअनुसार नाट्य रूपमा एक साल माथि गाउँबाट र अर्को साल तलिगाउँबाट किशोरकिशोरीबीच विवाह हुन्छ । अनि पापिनी मेला सम्पन्न हुन्छ । यो परम्पराले साँखगाउँलाई थप प्रचारमा सहयोग पुर्‍याएको छ ।

मध्यपहाडी छेवैमा रहेकाले मानिसहरू साखँगाउँ र दह अवलोकन गर्न आउने गर्दछन् । साँखगाउँमा झण्डै ३ सय ५० घर रहेका छन् । यहाँ विषेशगरी गहुँ, जौ र मकै राम्रो उत्पादन हुने गरेको छ । यहाँका नागरिकको मुख्य पेसा भनेको कृषि, पशुपालन र व्यापार-व्यवसाय नै हो । पछिल्लो समय मध्यपहाडी राजमार्ग सञ्चालन आएसँगै घरघरै व्यापार-व्यवसाय गर्ने व्यक्तिको संख्या पनि बढेको छ ।

रुकुमपश्चिमको पूर्वभूभागमा पर्ने साँखगाउँ जिल्ला सदरमुकाम मुसिकोट खलंगाबाट नजिकै पर्छ । मुसिकोट नगरपालिका-७ मा अवस्थित साँखगाउँ मध्यपहाडी राजमार्गले सुगम मात्र

बाँकी पृष्ठ २

## गठबन्धन...

चिन्ता बढ्दो देखिन्छ ।' भ्रष्टाचारको विषयमा कांग्रेस अडिग छ भन्ने सन्देश दिन आवश्यक रहेको पनि उनले बताए । धनकुटा जिल्ला सभापति दिनेश राईले कोशीमा हामीले विकासका मुद्दालाई अघि बढाउन नसकेको अवस्थामा राजनीति कसरी गर्ने हो भन्दै महासमिति बैठकमा प्रश्न गरे । 'कोशी प्रदेको नामांकन विषय पेचिलो हुँदै गर्दा नेतागणहरू कहाँ कानमा तेल हाल्नुभएको छ । कोशी प्रदेशमा हामीले कसरी राजनीति गर्ने ? कुनै पनि राजनीतिक दलहरू खुलेर कार्यक्रम गर्न पाएको छैन,' उनले भने । उनले कोशीको पहिचानको विषयमा महासमिति बैठकले निर्णय दिन नसके १४ जिल्ला सभभापति मिलेर समाधान दिने बताए । यस्तै मोरङ जिल्ला सभापति डिगबहादुर लिम्बुले महासमिति बैठकको निर्णय केन्द्रीय समितिले उल्टाउन नपाउने बताए । उनले पनि पहिचानको विषयमा कुरा उठाए । साथै उनले क्रियाशील सदस्यता वितरण गर्ने अधिकार जिल्लालाई दिनुपर्ने धारणा राखे ।

सुनसरी जिल्ला सभापति केदार भण्डारीले आफ्नो मान्छे परे गठबन्धन ठिक नपरे बेठिक भन्ने परिपाटी अन्त्य गरिनुपर्ने बताए । उनले कोशीमा कांग्रेसले गठबन्धन गरेर गल्ती नभएको बताए । उनले भने, 'एमालेलाई कमजोर पार्न सक्नुपर्छ । माओवादीलाई धेरै बिच्काउनु हुन्न । गठबन्धन तलमाथि नबनोस् । गठबन्धन गर्न हुन्न हुन्न भन्ने कुरा अहिले यहाँबाट गर्न हुन्न । धेरै कुरा जिल्लालाई बाइपास गरेको देखिन्छ । सभापतिले जिल्ला समितिमा संस्थागत छलफल गरेर आउनुपर्छ । जिल्लालाई कमजोर बनाएर केन्द्रले निर्णय गर्दा कार्यकर्ताको मन दुखेको हुन्छ । नामकरणको विषयमा पनि स्पष्ट पारेर जानुपर्छ कोशीमा सहज वातावरण बनाउन लाग्न अनुराध छ ।'

झापाका सभापति देउमान थेवेले गठबन्धनको कुरा छुन नहुने बताए । उनले भने, 'गठबन्धनको कुरा ८३ तिर गर्दा भइहाल्छ नि । अहिले हतार किन गर्न त्यति आवश्यक छैन । यसले इलाममा उपनिर्वाचन हुँदै छ, त्यहाँ असर गर्छ । गठबन्धनकै कारण सात प्रदेशमा सरकारमा छौँ । गठबन्धन अस्ति नहुँदा हाम्रो ओठमुख सुकेको थियो । सातै प्रदेश र संघ जाँदा के हुन्छ ? केपी ओलीले अर्को गठबन्धन गर्ने भनिसके ।' कैलाली सभापति नारायणदत्त भट्टले प्रदेश समितिलाई कसरी सक्रिय बनाउने र उनीहरूलाई कसरी गाउँ-गाउँ पुऱ्याउने त्यसतर्फ पार्टी ध्यान दिनुपर्ने बताए । उनले थपे, 'महाधिवेशन कहिले गर्ने भन्ने कुरा आएको छ, समयमा गर्ने समयमा नसके विधानले व्यवस्था गरे बमोजिम गर्ने, नसके संविधानको धारा प्रयोग पाँच वर्ष र ६ महिना बढाउने । तर सकभर समय गर्ने ।'

गठबन्धन नगर्ने कुरा पारित हुन सक्ने भए पनि अहिले नै फैसला गर्ने समय नभएको सभापति भट्टले बताए । भावनामा बगेर काम गर्दा पछुताउनुपर्ने परिस्थिति हुन सक्ने उनले बताए । उनले भने, 'गठबन्धन तत्कालीन आवश्यकता हो, ८४ सम्म देशमा के-के हुन्छ ? कम्युनिष्टहरू एक हुन्छौं भनेका छन् । अनि के हुन्छ ? कांग्रेस पार्टी भोलि कसरी सफल हुन्छ ।' यसैबीच नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा निकट जिल्ला सभापतिहरूले महाधिवेशन पाँच वर्ष ६ महिनाभित्र हुने बताएका छन् । महामन्त्री गगन थापाले राखेको २०८२ मा महाधिवेशन गर्ने र गठबन्धन नगर्ने प्रस्तावविरुद्ध रहेका सभापतिहरूले महाधिवेशनको भन्दा नेता परिचालनको चिन्ता लिनुपर्ने बताए ।

कैलाली जिल्ला सभापति नारायणदत्त भट्टले महासमितिमा आएका प्रतिवेदनलाई उत्कृष्ट भनेर व्यंग्य गर्दै केही विषय हतारोमा आएको टिप्पणी गरे । केन्द्रीय समिति र प्रदेश समितिका पदाधिकारी र सदस्यको परिचालनबारे प्रतिवेदनहरू मौन देखिको उनको टिप्पणी छ । 'महाधिवेशन कहिले गर्ने भन्ने कुरा आएको छ', २०८२ को महाधिवेशन प्रस्तावमा भट्टले भने, 'महाधिवेशन समयमा गर्ने, समयमा नसके विधानले व्यवस्था गरेबमोजिम गर्ने, नसके संविधानको धारा प्रयोग गरी पाँच वर्ष ६ महिना बढाउने ।' उनले अहिले कायम रहेका समितिलाई काम दिने विषयमा मौन रहेको प्रतिवेदनले महाधिवेशनको चिन्ता लिएको भन्दै असन्तुष्टि जनाए ।

'यत्रो केन्द्रीय समिति छ, हरेक महिना उनीहरूलाई कसरी प्रयोग गर्ने, कसरी गाउँ पुऱ्याउने ?', भट्टले भने, 'प्रदेश समितिलाई कसरी सक्रिय बनाउने त्यसतर्फ पार्टी ध्यान दिनु पर्दैन ?' भट्टले गठबन्धन नगर्ने कुरा पनि अहिले नै गर्नु आवश्यक नरहेको भन्दै महामन्त्रीले भावनामा बगेर निर्णय गर्न नहुने बताए । 'गठबन्धन नगर्ने कुरा पारित हुन सक्छ । तर, अहिले फैसला गर्ने समय उपयुक्त हो ?', भट्टको प्रश्न छ, 'भावनामा बगेर निर्णय गरे पछुताउनु पर्ने परिस्थिति हुनसक्छ ।' उनले देउवाकै भाषामा गठबन्धन तत्कालीन आवश्यकता भएको बताए । देउवा निकट मानिने ओखलढुंगाका सभापति तेजेन्द्र खनालले गठबन्धन तलमाथि हुन दिन नहुने भन्दै माओवादीलाई बिच्क्याउनेगरी निर्णय पनि गर्न नहुने बताए । उनले जिल्लाको अधिकार हस्तक्षेप गर्ने काम भएको भन्दै जिल्ला समितिमा संस्थागत छलफलको वातावरण बनाइएको भनेर असन्तुष्टि जनाए ।

'एमालेलाई कमजोर पार्न सक्नुपर्छ । माओवादीलाई धेरै बिच्काउनु हुँदैन', खनालले भने, 'गठबन्धन तलमाथि नबनोस् । गठबन्धन गर्न हुन्न भन्ने कुरा अहिले यहाँबाट गर्न हुँदैन ।' उनले धेरै कुरा जिल्लालाई बाइपास गरेको भन्दै सभापतिले जिल्ला समितिमा संस्थागत छलफल गरेर आउनुपर्नेमा त्यसो नभएको बताए ।

'जिल्लालाई कमजोर बनाएर केन्द्रले निर्णय गर्दा कार्यकर्ताको मन दुःखेको हुन्छ', खनालले भने, 'नामकरणको विषयमा पनि स्पष्ट पारेर जानुपर्छ, कोशीमा सहज वातावरण बनाउनतर्फ लाग्न अनुरोध छ ।' नेपाली कांग्रेसका पुराना महाधिवेशन प्रतिनिधि थलकुमार लिंगाले कांग्रेससामु गम्भीर समस्या आइरहेको बताए । ठूलो पार्टीले परिपक्व निर्णय गर्नुपर्नेमा नेताहरू हिन्दूराज्यका नाममा हस्ताक्षर गर्दै हिँडेको उनले असन्तुष्टि जनाए । 'जातको नाममा कोशी र धर्मको नाममा धरान झण्डै जल्यो', लिंगाले भने, 'राज्यको कुनै धर्म र जात हुन सक्दैन । यो ठूलो लोकतान्त्रिक पार्टीले हेक्का राख्नुपर्छ ।' उनले धर्म निरपेक्ष वा धार्मिक स्वतन्त्रता जे भने पनि स्वतन्त्र भएर मानेको भन्दै २०४८ सालमा हिन्दू भन्नेहरूले अहिले धेरै कुरा लेख्ने गरेको अनुभव सुनाए । '२०४८ सालभन्दा अघि धर्म के भन्दा हिन्दू लेखिन्थ्यो । त्यसपछि किराँत हो भन्न थाले', लिंगाले भने, 'पहिला धर्मको विषयमा समस्या थिएन । आज धर्मको कुरा उठाएर खण्डित गर्ने काम भइरहेको छ । जातको नाममा बाँडिने अवस्थाको निराकरण बैठकले गर्नुपर्छ ।' उनले कांग्रेसमा योग्यता र क्षमताको कदर गर्ने पद्धति नभएको बताए । 'योग्यता र क्षमताको मूल्यांकन छ पार्टीभित्र ?', प्रश्न गर्दै उनले भने, 'छ जस्तो मलाई लाग्दैन । पार्टी सैद्धान्तिक कम र प्राविधिक ज्यादा हुन खोजेको छ । महामन्त्रीको प्रतिवेदन सुन्दर र मिठास छ । तर, के कार्यान्वयन हुन्छ ?' जारी नेपाली कांग्रेसको महासमिति बैठकमा कोशी प्रदेशका १४ जिल्ला सभापतिहरूले १६ बुँदामा साझा धारणा राखेका छन् । सम्मेलन केन्द्रको मुख्य हलमा जारी छलफलमा उनीहरूले पार्टीको विधान संशोधन, मर्यादाक्रम, पार्टीको सांगठनिक परिचालन लगायतका विषयमा साझा धारणा प्रस्तुत गरेका हुन् ।

जिल्ला सभापतिहरूले नेपाली कांग्रेसको केन्द्रीय सदस्यहरूको हकमा स्वतः महाधिवेशन प्रतिनिधि महासमिति सदस्य हुने व्यवस्था परिवर्तन गरी क्षेत्रीय प्रतिनिधि मात्र कायम गर्नुपर्ने, पार्टीको आन्तरिक निर्वाचनमा जुनसुकै तहमा भाग लिँदा क्रियाशील सदस्यता लिइएको समय, सीमा निर्धारण गरेको विधानको धारा निलम्बन गरिएमा उक्त धारा कार्यान्वयन गर्नुपर्ने साथै अब उप्रान्त निलम्बन गर्न नपाइने व्यवस्था गर्नुपर्ने उल्लेख गरेका छन् ।

यस्तै, वडादेखि केन्द्र तहको निर्वाचनमा एक महिला उपसभापति एक महिला सचिव, एक महिला सहसचिव पदहरू थप गर्नुपर्ने र एक उपसभापति एक महामन्त्री-सचिव एक सहमहामन्त्री-सहसचिव र एक कोषाध्यक्ष सभापतिले मनोनीत गरी सम्बन्धित कार्यसमितिबाट अनुमोदन गर्नुपर्ने उनीहरूको माग छ ।

सबै तहको सभापतिलाई ५० प्रतिशत सदस्य मनोनीत गर्ने अधिकार हुनुपर्ने उनीहरूले उल्लेख गरेका छन् । पार्टीबाट हुने राजनीतिक नियुक्ति वा लाभको पद समानुपातिक प्रतिनिधित्वको अवसर एक पद एक तह, एकपटक मात्र प्राप्त हुनुपर्ने साझा धारणामा समेटिएको छ । पार्टीका तर्फबाट सिफारिस भई राष्ट्रपति तथा उपराष्ट्रपतिको पदमा दुई पूर्ण कार्यकाल मात्र बहाल हुन पाउने गरी व्यवस्था गर्न पनि उनीहरूले भनेका छन् ।

## बैठक...

राष्ट्र र पार्टीको सेवामा समर्पित योग्य, इमानदार निष्ठावान् नेता, कार्यकर्ता र सदस्यसहितको लक्ष्यकेन्द्रित एकताबद्ध र अनुशासित पार्टी निर्माण गर्ने चुनौती खडा भएको छ', पोखरेलले छलफलका लागि पेस गरेको अवधारण पत्रमा भनेका छन् । उनले यसरी अराजकता बढ्नुमा पार्टी सदस्यता वितरणमा समस्या भएको ठहर गरेका छन् । 'अहिले पनि योग्यता नपुगेका व्यक्तिहरू उल्लेखनीय संख्यामा पार्टी सदस्य छन् र उनीहरूको सदस्यता नवीकरण हुने गरेको छ', नेता पोखरेलको भनाइ छ । पछिल्लो समय व्यक्ति स्वयं उपस्थित भएर पार्टी सदस्यता नवीकरण गर्ने व्यवस्था गरिए पनि त्यसले समेत समस्या समाधान हुन नसकेको एमालेले जनाएको छ । उसले पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धालाई पनि नेता कार्यकर्ताहरूले जित हासिल गर्ने औजारका रूपमा स्वेच्छाचारी र विनामापदण्ड सदस्यता दिने र नवीकरण गर्ने प्रवृत्ति समाप्त नभएको जनाएको छ ।

'विनामापदण्ड सदस्यता प्रदान गर्ने र नवीकरण गर्ने नकारात्मक प्रवृत्ति समाप्त भएको छैन', एमाले बैठकमा पेस दस्ताबेजमा भनिएको छ । नेकपा एमालेले व्यक्तिलाई कमिटी मातहत, तल्लो कमिटीलाई माथिल्लो कमिटीको मातहत, सबै तहका कमिटीलाई केन्द्रीय कमिटी मातहत, केन्द्रीय कमिटीलाई राष्ट्रिय महाधिवेशन मातहत र राष्ट्रिय महाधिवेशनलाई प्रतिनिधिमार्फत पार्टी सदस्यको मातहत रहने प्रणाली अवलम्बन गरेको छ । महाधिवेशनले नीति निर्धारण, विधि निर्माण र नेतृत्व चयन गरेपछि अर्को महाधिवेशनसम्म त्यही नीति, विधि नेतृत्वको मार्गदर्शनमा पार्टी सञ्चालन गर्ने जनाउँदै आएको छ । 'तर हामीले संस्थागत गरेका यी निष्कर्षहरूको कार्यान्वयनमा समस्या देखापरेको छ', एमालेले किटान गरेको छ ।

आर्थिक, राजनीतिक, नैतिक र संस्कृति विचलन र अराजकता मात्रै होइन एमालेमा सांगठनिक अराजकता पनि उत्तिकै छ । हालै सम्पन्न केही जिल्लामा भएको जिल्ला अधिवेशनमा समेत एमालेमा अराजकताको रूप देखिएको छ । धादिङ, सुर्खेत, मुगु लगायतका जिल्लामा गुटबन्दी र नेतृत्व हत्याउने गरी भएका चलखेलले एमालेमा झाँगिएको सांगठनिक अराजकतालाई पुष्टि गर्छ । त्यसबाहेक कतिपय ठाउँमा पार्टी कमिटीका पूर्ण बैठक नै नबस्ने, सचिवालय गठन नहुने र सचिवालय गठन भए पनि बैठक नबस्ने तथा विधानको व्यवस्था विपरीत टाउके नेता बसेर निर्णय गर्ने प्रवृत्ति समस्याका रूपमा रहेका छन् । त्यस्तै ठूला र भद्दा कमिटीहरू निर्माणलाई पनि एमालेले समस्याका रूपमा पहिचान गरेको छ । 'गुटबन्दी पार्टीको महारोग हो । पार्टीमा गुटबन्दी गर्ने अधिकार कसैलाई छैन', एमालेले १०औँ महाधिवेशन पश्चात् हरेक बैठकमा यो विषयमा छलफल हुँदै आएको पार्टीले जनाएको छ । 'त्यसो त एमालेले २०८१ साललाई 'शुद्धीकरण र सुदृढीकरण वर्ष'का रूपमा अघि बढाउने भएको छ । त्यसका लागि एमालेले यही वर्षको चैतभित्र विभिन्न कार्ययोजना तय गर्ने तयारी गरेको छ । जसअन्तर्गत आर्थिक, चारित्रिक, सांगठानिक रूपमा विवादित नेता कर्याकर्ता एमालेको गोडमेलमा पर्नेछन् । त्यसबाहेक पार्टी सदस्यताको छानबिनदेखि उसको समग्र कार्यमुल्यांकन समेतका आधारमा निर्णय गर्ने एमाले नेताहरूको भनाइ छ । उनीहरूका अनुसार मिसन ८४' लाई लक्षित गर्दै २०८१ लाई 'शुद्धीकरण र सुदृढीकरण वर्षका रूपमा अघि बढाउने कार्ययोजना बनाइने छ । २०७८ मंसिरमा सम्पन्न एमालेको १०औँ राष्ट्रिय महाधिवेशनको राजनीतिक प्रतिवेदनमा समेत आगामी दिनका कार्यभारमा 'पार्टीमा शुद्धीकरण र सुदृढीकरण अभियान सञ्चालन गर्ने', उल्लेख थियो । राष्ट्रिय महाधिवेशन सकिएको अढाइ वर्षपछि एमाले शुद्धीकरण अभियानमा जुट्न लागेको हो ।

जारी सातौँ केन्द्रीय कमिटी बैठकमा व्यक्त हुने विचार समेतका आधारमा केन्द्रीय जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त र जनआधारित कार्यकर्ता पार्टीसम्बन्धी अद्यावधिक अवधारणासहित शुद्धीकरण अभियानबारे विशेष प्रस्ताव तयार पार्ने एमाले वरिष्ठ उपाध्यक्ष पोखरेलको भनाइ छ । 'त्यो विशेष प्रस्तावमा केन्द्रित भएर छलफल र निर्णय गर्नका लागि आगामी चैत महिनामा स्थायी कमिटीको बैठक आयोजना गरिनेछ', नेता पोखरेलले केन्द्रीय समिति बैठकमा पेस गरेको प्रस्तावमै भनेका छन्, 'स्थायी कमिटीको त्यस बैठकको निर्णयअनुरूप हामी आगामी वर्ष (२०८१) भरी शुद्धीकरण तथा सुदृढीकरण अभियानमा केन्द्रित हुनेछौँ ।' त्यसका लागि एमालेले केन्द्रीय समिति बैठकमा सहभागी सदस्यहरूलाई पार्टी सदस्यताको मापदण्ड, सदस्यहरूको क्षमता अभिवृद्धि र प्रभावकारिताको खोजी जरुरी भएको भन्दै चार प्रश्न सोधिएको छ । त्यस्तै एमालेले पार्टी कमिटी गठन गर्दा पनि सही प्रतिनिधि छनोट, मर्यादित अधिवेशन र सक्षम कमिटी निर्माण गर्ने जनाएको छ । जसमा पार्टी सदस्यहरूको क्रियाशीलता र प्रभावकारिताको मापन कसरी गर्ने ? कस्ता कस्ता आधार तयार गर्ने, आपसी प्रतिस्पर्धा र अन्तर्विरोधको कसरी समाधान गर्ने लगायतका प्रश्नको जारी बैठकबाट जवाफ खोज्ने भएको छ । त्यसबाहेक एमालेले पार्टीमा मौलाएको गुटबन्दी मुक्त गर्ने प्रयासका साथै नेताहरूको जीवनशैली, कार्यशैलीका साथै आर्थिक तथा नैतिक आचरणको पारदर्शिता खोज्ने भएको छ ।

एमाले केन्द्रीय सदस्य विष्णु रिजालले जारी केन्द्रीय कमिटी बैठकले पार्टी शुद्धीकरण र जनदबाबका कार्यक्रमलाई विशेष जोड दिँदै निर्णयहरू गर्ने बताए ।

'मुख्यगरी शुद्धीकरण र जनदबाबका कार्यक्रमका लागि ठोस निर्णय केन्द्रीय समिति बैठकले गर्नेछ र छलफल पनि सोही आधारमा गर्नेगरी एजेन्डा पेस भएका छन्, रिजालको भनाइ छ । एमाले केन्द्रीय समिति बैठक फागुन १० सम्म चल्नेछ । बैठकको मंगलबार उद्घाटन गर्दै अध्यक्ष केपी शर्मा ओलीले लिखित राजनीतिक प्रतिवेदन पेस नगरे पनि मौखिक सम्बोधन गरेका थिए ।

## एकै...

उनले आत्महत्या गरेको प्रारम्भिक अनुमान छ, यसै विषयमा केन्द्रित रही प्रहरीले अनुसन्धान थालिसकेको छ ।' घटना बुधबार बिहानको हो । बिहान साढे ९ बजेपछि कोठाभित्र शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । त्यसको केही समयपछि विक पनि घरभन्दा केही परको जंगलमा झुण्डिएको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरी घटनास्थलमा आउँदा उनको मृत्यु भइसकेको थियो ।

## मुहार...

बनाएको छैन, आर्थिक रुपमा पनि सहज बनाएको छ । केही दशकदेखि पहिले दुर्गमको महसुस गरिरहेको साँखगाउँ जिल्ला सदरमुकाम नजिक हुनु र मध्यपहाडी राजमार्ग सञ्चालनमा आउनुले यस क्षेत्रको मुहार फेरिएको छ ।

मध्यपहाडी राजमार्ग साँखमा नजोडिँदा भने जिल्ला सदरमुकाम खलंगा पुगेर राप्ती राजमार्ग हुँदै काठमाडौं जानुपर्ने बाध्यता थियो । अहिले भने घर छेवैबाट मध्यपहाडी राजमार्ग हुँदै काठमाडौं पुग्न सकिने स्थानीय विकास पाण्डेले बताए । राप्ती राजमार्ग सल्यान-दाङ हुँदै काठमाडौं जाने दुरी लामो भएकाले बसमा दुई दिनसम्म समय लाग्थो, मध्यपहाडीबाट भने रुकुम पूर्व-बागलुङ-पोखरा हुँदै काठमाडौं एक दिनमा पुग्ने गरेको उनले सुनाए ।

मध्यपहाडी सञ्चानलन नहुँदासम्म रुकुमपश्चिम र रुकुमपूर्वका नागरिक काठमाडौं जानका लागि राप्ती राजमार्ग सल्यान दाङ हुँदै जानुपर्ने बाध्यता थियो । अब भने रुकुमपश्चिमका दुरी छोटो हुने र छिट्टै पुगिने भएकाले मध्यपहाडी राजमार्गको यात्रा गर्न मन पराउँछन् । सडक यातायातको पहुँचसँगै यहाँको चहलपहल बढेको छ भने विकास निर्माणले पनि गति लिएको छ । गाउँमा पक्की भवन बन्न थालेका छन् भने परम्परागत शैलीबाट निर्माण गरिएको घरहरू बिस्तारै लोप हुने अवस्थामा छन् । एक दशकभित्र आएको परिवर्तन देखेर स्थानीय ८० वर्षीय पूर्णबहादुर बुढा अचम्म परेका छन् । एक दशक पहिलेसम्म कल्पना नै गर्न नसकिने घर अगाडिबाटै बस गुड्दा बुढालाई अचम्म लागेको छ । '२०६२/०६३ सालतिर दैनिक उपभोग्य सामग्री ल्याउनका लागि एक महिना पैदल हिँडेर दाङको कोइलावास, नेपालगञ्जलगायत ठाउँबाट घरमा उत्पादन भएको घ्यू बिक्री गरेर नुन, चामल उपभोग गर्नुपर्ने अवस्था थियो । अहिले त पैसा भएपछि घरभित्रै खाद्यान्न सामग्री आइपुग्छ । यस्तो सुविधा हाम्रो पालामा आउला भने लागेको थिएन', बुढाले भने । पहिले दाङ नेपालगञ्ज गएर गाडी देखिएको स्मरण गर्दै आजभोलि घरछेवैमा गाडी गुड्दा खुसी लागेको उनले सुनाए ।

'पहिले मीठो खान दसैँतिहार पर्खिनुपर्थ्यो, अहिले त दिनैपिच्छे आफूलाई जे खान मन लाग्छ गाउँमै पाइन्छ, पहिले त्यस्तो थिएन दालभात खान पनि दसैं, तिहार पर्खिनुपर्थ्यो', स्थानीय ६५ वर्षीय मनकला थापाले भनिन् । पछिल्लो समयको विकास देखेर भने उनी पनि खुसी छन् । आफ्नो पालामा भोग्नुपरेका समस्याका बारेमा युवालाई बताउने गरेको र आजको विकास निर्माणले केही हदसम्म जनजीवनमा परिवर्तन ल्याएको थापा बताउँछिन् । साँखगाउँ जिल्ला सदरमुकाम नजिक रहेकाले पनि शिक्षा, स्वास्थ्य र अन्य विकास निर्माणसँगै पर्यटकीय हिसाबले पनि जोडिन थालेको छ । गाउँमै माध्यमिक तहको पढाइ, गाउँमै स्वास्थ्य एकाइ केन्द्र, सुरक्षाका हिसाबले गाउँमै प्रहरीचौकीले पनि यहाँका नागरिकलाई सहज भएको छ । प्रशासनिक कामका लागि जिल्ला सदरमुकाम आउनुपऱ्यो भने पनि आधा घन्टामा जिल्ला सदरमुकाम पुगिन्छ । गाउँमै अटोरिक्सा सञ्चालन भएकाले गाडी पर्खिनुपर्ने समस्या पनि स्थानीयलाई छैन ।

शिक्षा, स्वास्थ्यलगायत विकासका पूर्वाधारले हिसाबले साँखगाउँ अगाडि बढेको छ । विद्युतीकरणका हिसाबले पनि साँखगाउँ केन्द्रीय लाइनको पहुँचमा रहको छ । गाउँमै व्यापार-व्यवसाय गर्नसके गाउँमै आर्थिक समृद्धि गर्न सकिने हुँदा युवा विदेश पलायन रोक्न सकिने उनको भनाइ थियो । साँखगाउँमा खाद्यान्न बाली गहुँ, जौ, मकैबाहेक तरकारी खेती पनि राम्रो हुने गरेको छ । गाउँमा उत्पादन भएको तरकारी बिक्रीमा भने बजारको समस्या नरहेको पाण्डेले बताए । बजारीकरणका लागि सडक सञ्जालले पनि ठूलो सहयोग पुऱ्याएको छ ।

यहाँका स्थानीयहरू गाई, भैँसी, बाख्रा, कुखुरापालन र कृषि पेसा नै मुख्य आयस्रोत हो । मध्यपहाडी राजमार्गले यहाँको जनजीवन परिवर्तन गर्न ठूलो भूमिका खेलेको छ । राजमार्गकै कारण साँखमा रहेका पर्यटकीय ठाउँको पनि प्रचारमा सहयोग पुगेको वडाध्यक्ष एक्कबहादुर पाण्डेले बताए । साँखगाउँलाई पर्यटकीय हिसाबले अझ व्यवस्थित गर्न मुसिकोट नगरपालिका र वडा कार्यालय लागिपरेका उनले बताए । 'साँखगाउँलाई पर्यटकीय 'हब'का रूपमा विकास गर्न, साँख दह संरक्षण तथा भौतिक संरचना निर्माणमा निरन्तर लागिरहेका छौँ । यस क्षेत्रमा पर्यटक भित्र्याई गाउँलाई आर्थिक रूपमा समृद्ध बनाउने हाम्रो योजना छ', उनले भने । दहमा लिफ्टिङ प्रविधिमार्फत पानी ल्याई डुंगा सञ्चालन र माछापालन गरी यहाँको आर्थिक विकास गर्ने वडाको योजना छ । 'पर्यटन प्रवर्द्धनका लागि साँख दहबाट दुलीदसम्म केबलकार सञ्चालन गर्ने पनि योजना रहेको छ, केही वर्षमै योजना पूरा गर्छौं र यहाँका स्थानीयलाई आर्थिक रूपान्तरणमा जोडछौं', वडाध्यक्ष पाण्डेले भने । दहलाई संरक्षण गर्न मुसिकोट नगरपालिका पनि लागिपरेको छ । गत वर्ष मात्र दह संरक्षणका लागि संघीय ससर्त अनुदानअन्तर्गत ५४ लाखमा दहको चारैतिर पदमार्ग निर्माण, रेलिङ, प्रतीक्षालय र द्वार निर्माण गरिएको थियो ।


# अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.ले China बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्राबिक्री मूल्य (MRP) निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपसिल**

| S. No. | Description of Goods | Type | Size | Brand | Country of origin | Unit | Per Unit (Price) | MRP (Rs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OLRF-215 | Refrigerator | 215L | OLIVE | China | PCS | 30800.00 | 30800.00 | |

**ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.**

चावहिल-७, काठमाडौं, नेपाल

एक्जीम कोड नं. : ६०२४२६२६४०१४०NP, फोन नं. : ०१-४३७८५१७



**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मधेश प्रदेश बारा, कलैया**

**आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना**

**प्रथम/सातौ पटक प्रकाशित गरिएको सूचना मिति : २०८०।११।०९**

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार देहायका शिर्षकहरुमा ठेक्काबाट कर शिर्षकमा उठाउन को लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले तपशिलको शर्तहरुको अधिनमा रहने गरी इच्छुक फर्म वा कम्पनीहरुले १५/३० दिन भित्र बोलपत्र खरिद गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | वार्षिक व्यूनतम अंक रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| २५/०८०/०८१ | कलैया–१० निलकण्डवा को माछा पोखरी (प्रथम पटक) | मिति: २०८१।१।१ गते देखि मिति २०८६।१२।३० गते (५ वर्ष) | २०६५५००। | ३०००। | ३० दिने |
| २९/०८०/०८१ | कलैया–९ बुढुवा माछा पोखरी (सातौ पटक) | मिति: २०८१।१।१ गते देखि मिति २०८६।१२।३० गते (५ वर्ष) | ५२६०६३२। | ३०००। | १५ दिने |

**अन्य शर्तहरु**

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा., बारा भनी प्रष्ट लेख्नुपर्नेछ ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले १५/३० औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ ।
३) बोलपत्र दाखिला गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र र आ.ब. ०७९।०८० को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।
४) सूचना प्रकाशित भएको मितिले १५/३० औं दिन सम्ममा खरिद गरी १६/३१ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका, बारामा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
६) मुल्य अभिवृद्धि कर लगायतका करहरु ठेक्दार स्वयमले तिर्नु पर्ने छ ।
७) अगामी किस्ता रकम वापत बैक ग्यारेन्टी वा नगद जम्मा गर्नु पर्ने छ ।
८) पोखरीहरुको हकमा पोखरी मर्मत गर्नु परेमा ठेक्कदार स्वयम मर्मत गर्नु पर्ने छ ।
९) वोलपत्रको साथ आफुले कबोल गरेको ५ (पाच) प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.बा.बैक कलैया शाखामा रहेको खाता नं.१२६००३०३००००४ धरौटी खातामा जम्म गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैकंवाट मान्यता प्राप्त बैकंले यस कार्यालयको नाममा जारी गरेको ९० दिन म्याद भएको विड बन्डको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ ।
१०) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको कर शाखा, लेखा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्ने सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Hydrology and Meteorology**
**Office of Hydrology and Meteorology**
**Mahakali Basin Field Office Attariya, Kailali**

**Financial Bid Opening Notice**

**Date of Publication: 2080/11/10**

Regarding bids submitted for below mentation contract first date of publication 2080/09/11 following bidders are the technically qualified bidders and it is requested to attend the opening of price bid on 2080/11/17, 10:30 A.M.at Mahakali Basin Field Office Attariya, Kailali.

| Contract ID | Name of Project | Technically Qualified Bidders |
|---|---|---|
| DHM/MBFO/W/NCB/04-2080/81 | Construction of Mahakali Basin Field Office Building | 1. Anamol Nirman Sewa, Kedarsau Gaupalika-1 Deura.<br>2. Archana- Pasamasta J/V, Ajayameru.<br>3. National Construction Pvt.Ltd. Mahendranagar.<br>4. DB/Bishnu J/V Basantpur, Kailali<br>5. Seti/Aashish J/V Dipayal.<br>6. I. S . Nirman Sewa Pvt. Ltd. Bidur-5, Nuwakot.<br>7. Sunrise-P.K. J/V Dhangadhi-3, Kailali.<br>8. Saino- Bhumiraj Kedar J/V Aalital, Dadeldhura.<br>9. BP- Subha Laxmi J/V Dhangadhi-2, Kailali.<br>10. Sarswati –Sagar J/V Dhangadhi-4, Kailali.<br>11. N.K. Thapa Construction Pvt. Ltd. Kathmandu.<br>12. Nerisa-Poudel J/V Kathmandu.<br>13. Bajranga Nirman Sewa Chandannath-5, Jumla. |



**बागमती प्रदेश सरकार**
**स्वाथ्य मन्त्रालय**
**स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**हेटौडा, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८०/११/१०**

यस केन्द्रबाट राष्ट्रिय पत्रिकामा आह्वान गरिएको तपशिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract Name/ Contract Number | Bidder's Name/ Address | Amount (Without VAT) |
|---|---|---|---|
| 1. | Procurement of OT Related Equipment, National Competitive Bidding (NCB) IFB No. : HLMC/G/NCB-12/2080-81 | Bikash Surgical Concern Pvt Ltd, Kathmandu | Nrs. 9,442,538.00 |
| 2. | Procurement of Hospital Furniture, National Competitive Bidding (NCB) IFB No. : HLMC/G/NCB-13/2080-81 | National Biomedical Suppliers, Kathmandu | Nrs. 3,033,868.00 |

**निर्देशक**

# १६ महिनामा काम सक्ने सम्झौता भएको पुल सात वर्षसम्म अलपत्र



**सौर्य समाचार**

बागलुङ । सात वर्षअघि निर्माण थालिएको अस्तु-ओडारबोट मोटरेबल पुल हालसम्म सम्पन्न हुन सकेको छैन । खोलाको वरिपरि ठडिएका दुई पिल्लर भत्कन थालेका छन् । फलामका रडमा खिया लागेको छ ।

२०७४ माघ महिनामा सक्ने गरी निर्माण सुरु भएको मोटरेबल पुलको ४० प्रतिशत मात्रै काम सकिएको छ। बागलुङको ढोरपाटन नगरपालिका-५ अधिकारीचौरको अस्तु-ओडारबोट जोड्ने मोटरेबल पुल यतिबेला बेवारिसे अवस्थामा पुगेको हो ।

पुलको दुईतिर पिलर उठाएको वर्षौं भए पनि अरू काम भने हुन सकेको छैन। २०७३ असोज ४ गते वाइटी रफिना जेभी कन्स्ट्रक्सनले पुल बनाउने जिम्मा लिए पनि काम गरेन । लामो समयसम्म निर्माण कम्पनीले काम नगरेपछि गत वर्ष मंसिर २८ गते ठेक्का तोडियो। ठेक्का तोडिएपछि अब पुल बन्छ कि बन्दैन भन्ने अन्योल सिर्जना भएको छ।

सडक डिभिजन कार्यालयमार्फत निर्माण हुन थालेको पुललाई निर्माण कम्पनीले अलपत्र पारेपछि अब कहिले काम सुरु हुन्छ भन्ने निश्चित छैन। १६ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको पुलको काम ४० प्रतिशतमै भएको सीमित छ। वर्षौंअघि निर्माण भएको पुलको संरचना भुजीखोलामा आएको बाढीले भत्काइदिएको छ । बाढीले लाखौंको संरचनामा क्षति पुऱ्याएपछि पुल सुरुकै चरणबाट काम गर्नुपर्ने अवस्थामा छ । पुल बन्न लागेपछि खुसी भएका अधिकारीचौर, नाथुरी लगायतका गाउँका नागरिक अहिले अलपत्र अवस्थामा पुगेपछि दुःखी बनेका छन् ।

कृषि गाउँका रूपमा रहेका अधिकारीचौर र नाथुरीगाउँका हजारौं किसान पुल नबन्दा मारमा परेका छन् । डेढ दशकअघि गाउँमा मोटरबाटो पुगेपछि सिंगो गाउँ नै व्यावसायिक तरकारी खेतीमा लागेको छ। यतिका समयसम्म मोटर गुड्ने पुल नबन्दा यस क्षेत्रका तीन सय घरधुरीका किसानले उत्पादन गरेको तरकारी बजारसम्म पुऱ्याउन समस्या भएको ढोरपाटन नगरपालिका-५ अधिकारीचौरका किसान कृष्ण कँडेलले बताए ।

भूजीखोलामाथि निर्माण थालिएको पुल नबन्दा अधिकारीचौर, नाथुरी, भैंसीखर्क, घैयाखेत र बाहुनगाउँका हजारौं नागरिकले सास्ती खेप्नुपरेको उनको भनाइ छ । हिउँदको समयमा खोला सानो हुँदा गाडी वारपार गर्न सके पनि वर्षाको समयमा भने ठप्प हुने गरेको कँडेल बताउँछन्। हिउँदमा गाउँमै गाडी आएर उत्पादित तरकारी बजारमा पुऱ्याउन सहज भए पनि वर्षा याममा सकस हुने उनको भनाइ छ । कँडेलले भने, 'हामी किसानका लागि गाउँमा मोटरबाटो वरदान सावित भएको छ, यहाँका सयौं मानिस तरकारी खेतीमा आवद्ध छौं, हिउँदमा गाडी बारीमै आउँछ, वर्षाको चार महिना त ठप्पै हुन्छ, त्यो बेला डोकोमा बोकेर बजार पुऱ्याउनुपर्छ, डोकोमा बोकेर बजार पुऱ्याउँदा निकै गाह्रो हुन्छ, पुल बन्न लागेको १० वर्ष नै हुन लाग्यो, अहिले त काम गर्ने मान्छे पनि आउँदैन, भागे छ कि क्या हो, खोलाले पनि केही भागमा क्षति गरेको छ ।'

नाथुरी गाउँका स्थानीयवासी शिवराज कँडेलले अस्तुमा पुल बने १५ मिनेटमै बुर्तिबाङ बजारमा पुग्न सकिने भए पनि अहिले एक घण्टा बढी लाग्ने बताए । पुल नबन्दा वर्षा सुरु भएदेखि कात्तिकसम्म गाउँमा मोटर पुग्न नसक्ने उनको भनाइ छ । गाउँमा कोही बिरामी परेर अस्पताल लैजानु परे डोकोमा बोक्नुपर्ने स्थिति रहेको कँडेलले बताए । पटकपटक सरोकारवाला निकायमा माग गरी राखे पनि अहिलेसम्म सुनुवाइ नभएको उनले गुनासो पोखे ।

'हिउँदको समयमा समस्या छैन, घुमाउरो बाटो भएर पनि गाउँमा गाडी पुग्छन्, सबैभन्दा बढी समस्या त वर्षामै हुन्छ, पुल अलपत्र पार्ने ठेकेदारलाई कडा कारबाही गर्नुपर्थ्यो, अहिले पुल सकिने बेला ठेक्का रद्द गरे, अब कहिले पुनः ठेक्का गरेर काम सुरु हुने हो ?, कस्तो ठेकेदार पर्ने हो ?', उनले भने, 'यही चालले त अबको १० वर्ष पनि पुल बन्ला जस्तो लाग्दैन, राज्यले कडाइ गऱ्यो र चासो दियो भने समयमै काम बन्ने थियो होला ।'

पुल संघीय सरकारले विनियोजन गरेको ३ करोड ५० लाखको लागतमा निर्माण हुन थालेको थियो । निर्माण कम्पनीले काम गर्न अटेरी गरेपछि गत वर्ष ठेक्का सम्झौता तोडेको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी इन्जिनियर अमर अधिकारीले जानकारी दिए । निर्माण कम्पनीको पेश्की जमानतसमेत जफत गरिएको उनको भनाइ छ । उक्त कम्पनीले ४० प्रतिशत मात्रै काम गरेको छ। त्यसमा पनि बाढीले ठूलो क्षति पुऱ्याएको उनी बताउँछन्। अब पुलको काम सुरु गर्नका लागि नयाँ डिजाइन गर्नुपर्ने भन्दै त्यसका लागि परामर्शदाता कम्पनी आह्वान गरेको सूचना अधिकारी अधिकारीको भनाइ छ ।

परामर्शदाता कम्पनीले नयाँ प्रतिवेदन तयार पारेपछि नयाँ ठेक्का प्रक्रियामा जाने उनले बताए । 'जति छिटो परामर्शदाताले प्रतिवेदन तयार गर्छ, त्यति छिटो ठेक्का प्रक्रिया अगाडि बढ्छ, पहिले केही काम भए पनि खोलाले क्षति पुऱ्याएको छ, त्यो पुल धेरै वर्ष अगाडि नै सकिनुपर्ने हो तर निर्माण कम्पनीले निकै लापरबाही गऱ्यो', इन्जिनियर अधिकारीले भने, 'दोहोरो काम गर्न पर्ने भयो, पहिले सकिएको भए, राज्यको लाखौं रकम नोक्सान हुने थिएन, नागरिकले सहज रूपमा यात्रा गर्न पाउँथे, अब काम गर्नका लागि अझै केही समय लाग्ने देखिन्छ ।'

# नुनको अभाव झेल्दै कालीकोट



कालीकोट । कालीकोटमा नुनको अभाव बढेको छ । ११ केजी नुन पाउन एक जनाले दुई हजारदेखि २५ सय रुपैयाँसम्म खर्च गर्नुपर्ने अवस्था छ ।

नुन लिन नागरिकले आफ्नो नागरिकताको फोटोकपी बुझाउनुपर्ने हुन्छ । जिल्लाका स्थानीय नागरिकले ११ पाकेट नुन लिनका लागि दुई हजारदेखि २५ सय खर्च गर्नुपर्छ भने साथमा नागरिकता अनिवार्य ल्याउनुपर्ने बाध्यता छ ।

नागरिकता नभएमा नुन नपाउने र नागरिकता भएकाले एक सयको ११ के.जी नुन पाउने व्यवस्था छ । केही महिना प्रतिव्यक्ति पाँच किलो अर्थात् पाँच पाकेट नुन पाउने गरेका यहाँका नागरिकले अहिले भने अलि कोटा थपेर ११ पाकेटसम्म पुगेको छ ।

कालीकोटको खाँडाचक्र नगरपालिका-१० चौकीका ६२ वर्षीय जगबहादुर शाही मंगलबार नुन लिन मान्ममा रहेको साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको कार्यालय पुगे ।

सामान्य नुन लिनका लागि पनि प्रमाण खोजेको देख्दा उनलाई अचम्म लाग्यो । डेढ घण्टा लाइनमा बसेका शाही नागरिकता नभएपछि नुन नलिई घर फर्किएका थिए । शाहीजस्तै धेरैले लाइनमा बसेर नागरिकता नहुँदा फर्किनुपरेको छ ।

पलाँता गाउँपालिका-५ की अस्मिता बमले दुई दिन लगाएर ११ केजी नुन लिन सदरमुकाम मान्म आएको गुनासो गरिन् । उनले गाडी भाडा, खान खर्च तीन हजारभन्दा बढी खर्च भएको भन्दै तीन हजार खर्च गरेर एक सयको नुन पाएको सुनाइन् । मुलुकमा सुनको व्यापार खुला भइरहेका बेला कालीकोटमा नुन लिन पनि नेपाली नागरिकता अनिवार्य गर्नु दुःखद् भएको सुनाइन् ।

'काठमाडौंको सिंहदरबार गाउँमा पुग्यो भनेको त दैनिक उपभोग्य समानका लागि नागरिकता अनिवार्य रहेछ', बमले गुनासो गरे । नुनकै लागि यो सिजनमा महिलाहरू पिठ्युँमा बच्चा च्यापेर सदरमुकाम आउँछन् । श्रीमान् रोजगारीका लागि भारत जाने सिजन भएकाले प्रायः महिला नुनका साथै दैनिक उपभोग्य वस्तुका लागि धाउने गरेका छन् ।

शुभकालीका नान्द्रा शाही काखमा बच्चा च्यापेर नुन लिन आउँदा धेरै नुन नपाएको सुनाउँछिन् । 'कति आग्रह गरें, घरमा कोही छैनन् गाईबस्तुसँगै घरपरिवारले खाने नुन ११ पोका एक महिना पुग्दैन अलि दिनुभन्दा पनि दिनुभएन', शाहीले सुनाइन् ।

नुनको कोटा कम र माग बढेपछि जिल्ला प्रशासन कार्यालय कालीकोटले नुन लिन आउनेलाई नागरिकता अनिवार्य गरेको छ । साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको मान्म डिपो प्रमुख डम्बरबहादुर बुढाले यसअघि एक जना एकदिनमा तीनपटक आए पनि नुन पुऱ्याइन्थ्यो । तर एउटै व्यक्तिलाई चारपटक नुन भनेर प्रचार भएको कारणले जिल्ला प्रशासन कार्यालयले नुन लिन आउनेसँग नागरिकता अनिवार्य माग्न पत्राचार गरेको सुनाए ।

'नुनको अभाव हो, ठेकेदारले समयमा ढुवानी नगरेकाले समस्या छ । तैपनि चित्तबुझ्दो भइरहेको थियो । अहिले नागरिकता अनिवार्य गरेपछि जसले पनि ११ पाकेट पाउँछन्', बुढाले भने ।

जिल्लाभरका लागि ३ हजार २ सय क्विन्टल नुनको वार्षिक कोटा तोकिएको छ । जसमध्ये रास्कोट नगरपालिकाको लागि १ हजार २ सय क्विन्टल नुन आउँछ । अहिले रास्कोट नगरपालिकामा मात्र सिधै नुन दिने गरिएको छ ।

यो वर्षका लागि ३ हजार ५ सय ४० क्विन्टल नुन खरिदका लागि ठेक्का भएको थियो । हाल १३ सय क्विन्टल नुन गोदाममा रहेको भए पनि वितरणमा कडाइ नगर्ने हो भने वर्षात्को समयमा अभाव हुने कार्यालयले जनाएको छ ।

# बस्ती संरक्षणका लागि कालीगण्डकीमा तटबन्ध

**सौर्य समाचार**



बागलुङ । जिल्लाको नगरपालिका-१ स्थित मालढुंगा क्षेत्रको बस्ती कालीगण्डकी नदीको उच्च जोखिममा परेपछि तटबन्ध गर्न थालिएको छ। जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङमार्फत तटबन्ध निर्माण जारी छ।

चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको ७० लाखबाट मालढुंगा बस्ती संरक्षणको काम भइरहेको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङका इन्जिनियर दीपेन्द्र पौडेलले जानकारी दिए ।

कालीगण्डकीले धार परिवर्तन गर्दा केही वर्षयता कटान तीव्र हुँदै आएको छ । अघिल्लो वर्ष पनि ६५ लाख लागतमा केही क्षेत्रमा तटबन्ध गरिएको थियो । लक्ष्मीनारायण मन्दिरसँगै मालढुंगाबाट खुदुर्के घाटसम्मको बस्ती संरक्षण गर्न थालिएको इन्जिनियर पौडेलले बताए । गत पुस महिनादेखि निर्माण समिति गठन गरी तटबन्धको काम धमाधम भइरहेको छ ।

कालीगण्डकी निरन्तर दोहन हुँदा बर्खामा पानीको बहाव बस्तीसम्म पुग्ने गरेको थियो । तटबन्ध निर्माणपछि मालढुंगाको तटीय क्षेत्रका बस्ती, प्रहरीचौकी, लक्ष्मीनारायण मन्दिरलगायत संरचना जोगिने इन्जिनियर पौडेलले बताए ।

इन्जिनियर पौडेलले भने, 'बर्खामा कालीगण्डकी उर्लेर आउँदा बस्तीमा बस्ने जोखिम बढेको थियो, अघिल्लो वर्ष केही भागमा काम भयो भने अहिले पनि करिब ४५ मिटर लामो तटबन्ध निर्माण हुन्छ, जसका लागि निर्माण समिति गठन भएर काम सुरु भएको छ, हालसम्म ३० प्रतिशत काम सम्पन्न भएको छ, आगामी असार मसान्तसम्म सम्पूर्ण काम पूरा गर्न ठेकेदारलाई निर्देशन दिइएको छ ।'

तटबन्ध निर्माण समितिका अध्यक्ष भुवन खड्काले पानीमुनि दुई मिटर पक्की पर्खाल उठाउने काम भइसकेको भन्दै अहिले त्यसमाथि ग्याबिनसहितको 'पर्खाल' उठाइरहेको बताए । बागलुङ प्रवेशद्वार नजिकै ऐतिहासिक लक्ष्मीनारायणको मन्दिर बन्दै गएको र तटबन्ध बनेपछि यहाँका धेरै घर सुरक्षित हुने उनले दाबी गरे । 'तटबन्धको कामलाई तीव्र बनाएका छौं, पर्खाल उठाएर ढलान गर्ने काम भइरहेको छ, सम्झौताअनुसार आठ मिटर उचाइ, ४५ मिटर लम्बाइ हुनेछ, सोअनुसार काम गरिरहेका छौं', अध्यक्ष खड्काले भने ।


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना १० गते बिहीबार)

यस विकास बैंक लि.को शाखा कार्यालय मिर्चैयाबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको सावाँ, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१. कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **विनोद कुमार साह**<br>बाबुको नाम : कुशेश्वर साह<br>बाजेको नाम : प्रेम साह तेली<br>स्थायी ठेगाना : सिराहा जिल्ला रामनगर मिर्चैया गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला मिर्चैया न.पा. वडा नं. ६<br>ना.प्र.नं. : १५१०९०-१४८४४<br>जारी मिति र जिल्ला : २०६६/०३/२६, सिराहा |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|
| १. नाम : **मिना देवी साह**<br>बाबुको नाम : दुखरन साह<br>पतिको नाम : कुशेश्वर साह<br>ससुराको नाम : प्रेम साह तेली<br>स्थायी ठेगाना : सिराहा जिल्ला रामनगर मिर्चैया गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला मिर्चैया न.पा. वडा नं. ६<br>ना.प्र.नं. : १५३०२०/२७५<br>जारी मिति र जिल्ला : २०६३/१२/१२, सिरह | २. नाम : **कुशेश्वर साह**<br>बाबुको नाम : प्रेम साह तेली<br>बाजेको नाम : बाबुलाल साह<br>स्थायी ठेगाना : सिराहा जिल्ला रामनगर मिर्चैया गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला मिर्चैया न.पा. वडा नं. ६<br>ना.प्र.नं. : ११६-११८०<br>जारी मिति र जिल्ला : २०४६/१०/२३, सिराहा |
| ३. नाम : **विनय कुमार साह**<br>बाबुको नाम : कुशेश्वर साह<br>बाजेको नाम : प्रेम साह तेली<br>ठेगाना : सिराहा जिल्ला मिर्चैया न.पा. वडा नं. ६<br>ना.प्र.नं. : १५-०१-७१-०५७१४<br>जारी मिति र जिल्ला : २०७१/०८/०७, सिराहा | ४. नाम : **प्रमोद कुमार साह**<br>बाबुको नाम : कुशेश्वर साह<br>बाजेको नाम : प्रेम साह तेली<br>स्थायी ठेगाना : सिराहा जिल्ला रामनगर मिर्चैया गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला मिर्चैया न.पा. वडा नं. ६<br>ना.प्र.नं. : १५१०९०/१४८४५<br>जारी मिति र जिल्ला : २०६६/०३/२६, सिराहा |

**२. कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **धिरज कुमार साह**<br>बाबुको नाम : नथुनी साहु सुडी<br>बाजेको नाम : रामा साह<br>स्थायी ठेगाना : सिरहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ७<br>ना.प्र.नं. : १५१०४६/६२८५<br>जारी मिति र जिल्ला : २०६७/०६/०४, सिराहा |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|
| १. नाम : **फुल कुमारी देवी**<br>बाबुको नाम : असर्फी<br>पतिको नाम : नथुनी साहु सुडी<br>ससुराको नाम : नथुनी साहु सुडी<br>स्थायी ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ७<br>ना.प्र.नं. : ०३४६०५२१/५३६८<br>जारी मिति र जिल्ला : २०३६/०१/१६, सिराहा | २. नाम : **सुचिता कुमारी महतो**<br>बाबुको नाम : उमेश महतो<br>पतिको नाम : धिरज कुमार साह<br>ससुराको नाम : नथुनी साहु सुडी<br>स्थायी ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ७<br>ना.प्र.नं. : १५-०१-६९-०४८८५<br>जारी मिति र जिल्ला : २०६९/१०/२२, सिराहा |
| ३. नाम : **नथुनी साहु सुडी**<br>बाबुको नाम : रामा साहु<br>बाजेको नाम : जनक साहु<br>स्थायी ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ७<br>ना.प्र.नं. : ०३४६०५२०/४१९३<br>जारी मिति र जिल्ला : २०३६/०१/०४, सिरहा | ४. नाम : **सन्तोष कुमार साहु**<br>बाबुको नाम : नथुनी साहु सुडी<br>बाजेको नाम : रामा साहु<br>स्थायी ठेगाना : सिराहा जिल्ला अयोध्यानगर गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ७<br>ना.प्र.नं. : १५-०१-७१-००६८६<br>जारी मिति र जिल्ला : २०७१/०२/०२, सिराहा |

**३. कर्जा शिर्षक : सुलभ व्यवसायिक आवधिक कर्जा**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **सत्य अमिरी एण्ड जनरल स्टोर**<br>प्रोप्राइटरको नाम : कारीराम महतो<br>प्रा.फ.र.नं. : ८३४५/२०७५/०७६<br>दर्ता मिति : २०७५/०४/२९<br>दता गर्ने कार्यालय : वाणिज्य विभाग<br>स्थायी लेखा नं. : ६०८२३०५७३<br>रजिष्टर्ड ठेगाना : सिरहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५ | १. नाम : **कारीराम महतो**<br>बाबुको नाम : छेदी लाल महतो<br>बाजेको नाम : बलदेव महतो कोइरी<br>स्थायी ठेगाना : सिराहा जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५<br>ना.प्र.नं. : १६९<br>जारी मिति र जिल्ला : २०५४/०५/२४, सिराहा |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण | |
|---|---|
| २. नाम : **अविरण महतो सिहं**<br>बाबुको नाम : छेदी लाल महतो<br>बाजेको नाम : बलदेव महतो कोइरी<br>स्थायी ठेगाना : सिराहा जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५<br>ना.प्र.नं. : ५४१७१११६<br>जारी मिति र जिल्ला : २०५०/०९/१३, सिराहा | ३. नाम : **छेदी लाल महतो**<br>बाबुको नाम : बलदेव महतो कोइरी<br>बाजेको नाम : मिठ्ठु महतो<br>स्थायी ठेगाना : सिराहा जिल्ला लक्ष्मीपुर गाउँ पञ्चायत वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५<br>ना.प्र.नं. : ५४१६०५८७<br>जारी मिति र जिल्ला : २०३३/०९/१६, सिराहा |
| ४. नाम : **गढनी कोइरीन**<br>बाबुको नाम : गँगाइ महतो<br>पतिको नाम : छेदी लाल महतो<br>ससुराको नाम : बलदेव महतो कोइरी<br>स्थायी ठेगाना : सिराहा जिल्ला लक्ष्मीपुर गाउँ पञ्चायत वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५<br>ना.प्र.नं. : ५४१६०५८८<br>जारी मिति र जिल्ला : २०४४/११/०३, सिराहा | ५. नाम : **ललिता देवी महतो**<br>बाबुको नाम : जुगेश्वर महतो<br>पतिको नाम : कारीराम महतो<br>ससुराको नाम : छेदी लाल महतो<br>स्थायी ठेगाना : सिराहा जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५<br>ना.प्र.नं. : १५३०५६/१९५<br>जारी मिति र जिल्ला : २०६३/११/२८, सिराहा |
| ६. नाम : **अरहुल देवी महतो**<br>बाबुको नाम : वेचु महतो कोइरी<br>पतिको नाम : अविरण महतो सिहं<br>ससुराको नाम : छेदी लाल महतो<br>स्थायी ठेगाना : सिराहा जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५<br>ना.प्र.नं. : १५३०५६/२१४<br>जारी मिति र जिल्ला : २०६३/११/२८, सिराहा | ७. नाम : **मन्चन महतो**<br>बाबुको नाम : राम चन्द्र महतो<br>बाजेको नाम : जगदेव महतो<br>स्थायी ठेगाना : सिराहा जिल्ला लक्ष्मीपुर गाउँ पञ्चायत वडा नं. ६<br>हालको ठेगाना : सिराहा जिल्ला बिष्णुपुर गा.पा. वडा नं. ५<br>ना.प्र.नं. : ३४८<br>जारी मिति र जिल्ला : २०५२/०३/१५, सिराहा |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# नालायक बन्दै नेपाली कांग्रेसको नयाँ पुस्ता

नेपाली कांग्रेसको जारी महासमितिको बैठकमा मुख्यतः दुई वटा 'एजेन्डा'ले बढी चर्चा पाए । त्यसमध्ये एउटा एजेन्डा थियो, 'नेपाली कांग्रेस धर्मनिरपेक्षतालाई छाडेर हिन्दूराज्य पुनर्वहालीको पक्षमा उभिनुपर्ने ।' यस्तो गर्दा चुनावमा भोट बढ्ने प्रस्तावक समूहको दावी छ । अर्को एजेन्डा थियो, 'नेपाली कांग्रेसले अब एक्लै चुनाव लड्ने, अन्य पार्टीसँग तालमेल नगर्ने ।' यस्तो गर्दा नेपाली कांग्रेसका मतदाता पार्टीप्रति थप प्रतिवद्ध हुने तर्क प्रस्तावकको छ । यी दुवै एजेन्डाका प्रस्तावक नयाँ पुस्ताका युवा नेताहरू छन् । कांग्रेसले हिन्दूराज्यको नीति अवलम्वन गर्नुपर्ने एजेन्डाको अगुवा शंकर भण्डारी हुन् । उनको संयोजकत्वमा महाधिवेशनस्थल परिसरमा हस्ताक्षर अभियान पनि गरियो । हस्ताक्षर गर्ने महासमितिका सदस्यमध्ये अधिकांश युवाहरू छन् । बुढा पुरानाहरू खासै धेरै छैनन् । यसैगरी अन्य पार्टीसँग तालमेल नगरी एक्लै चुनाव लड्नुपर्ने एजेन्डाका प्रस्तावक महामन्त्री गगन थापा हुन् । महामन्त्री थापाले आफ्नो संस्थागत प्रतिवेदनमा समेटेको यो बुँदा आवश्यक नभएको कुरा केन्द्रीय समितिको बैठकमा नउठेको होइन, तर महामन्त्री थापाले यसरी अडान लिए कि, आवश्यक परे मतदानमा समेत लैजाने चेतावनी दिए । २०८२ मंसिरभित्र १५औं महाधिवेशन सम्पन्न गर्ने कुरा प्रस्तावको एउटा बुँदामा र २०८४ सालमा हुने स्थानीय तथा आमनिर्वाचनको रणनीति प्रस्तावको अर्को बुँदामा राखिनु स्वयंमा हास्यास्पद हो । तर, यही हास्यास्पद विषयमा महामन्त्री थापाले चट्टानी अडान लिए । उनका समर्थकहरूले सिट्ठी फुक्दै ठूलो युद्ध जितेको अनुभूति गरे ।

नेपाली कांग्रेसको विधानअनुसार महासमिति भनेको महाधिवेशन पछिको शक्तिशाली निकाय हो । पार्टीका प्रायः सबै नीति, नियमहरू महाधिवेशनले तयार गर्छ । एउटा महाधिवेशन र अर्को महाधिवेशनको अवधि चार वर्षको हुन्छ । यो चार वर्षको अवधिमा अत्यावश्यक नीति नियम तर्जुमा गर्नुपर्‍यो भने मात्रै महासमितिमा लगिन्छ । अब कांग्रेसको महाधिवेशन आउन दुई वर्ष बाँकी छ । तर स्थानीय तथा आमनिर्वाचन आउन चार वर्ष बाँकी छ । चार वर्षपछि आउने चुनावका लागि रणनीति बनाउने भनेको दुई वर्षपछि हुने १५औं महाधिवेशन तथा त्यो महाधिवेशनद्वारा निर्वाचित कार्यासमितिले हो । त्यसैले एक्लै चुनाव लड्नुपर्ने एजेन्डा तय गर्दै त्यसमा चट्टानी अडान लिनु भनेको क्षणिक लोकप्रियताको तीर्खा हो । महामन्त्रीलाई पार्टीको भावी नेताका रूपमा लिने गरिन्छ । केही अपवादबाहेक महामन्त्रीको अनुभव संगालेका नेता नै कांग्रेसको पार्टी सभापति निर्वाचित भएका छन् । वर्तमान महामन्त्री थापालाई पनि भावी सभापतिका रूपमा धेरैले हेरेका छन् । तर, सस्तो लोकप्रियताका लागि अनेकथरी स्टन्टबाजी गर्ने कर्ममै उनी सीमित भए । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवी लामिछानेको स्टन्टबाजी र कांग्रेस महामन्त्री थापाको स्टन्टबाजीमा खासै भिन्नता नदेखिएको टीकाटिप्पणी हुन थालेको छ ।

स्थापनाकाल ताका तत्कालीन राणा शासकहरूले नेपाली कांग्रेसमाथि लगाउने मुख्य आरोप थियो, 'धर्मछाडा पार्टी ।' आफ्नो शासन सत्ता ढल्यो भने नेपाली कांग्रेस हावी हुन्छ र नेपाली कांग्रेसले जाती–धर्म संस्कृति केही पनि मान्दैन भन्दै राणा शासकहरूले प्रचार गरेका थिए । यतिसम्मकी २०१५ सालको आमनिर्वाचनमा राणाहरूको पार्टी गोर्खा परिषद्‌ले कांग्रेसलाई धर्मछाडा पार्टीको आरोप लगाएर आफ्नो पक्षमा भोट मागेको थियो । बिपी कोइरालाले आफ्नो आत्मवृतान्तमा भनेका छन्, 'गुल्मीको रिडीमा आमसभाको आयोजना गरिएको थियो । स्थानीय केही साथीहरूले कांग्रेसलाई धर्मछाडाको पार्टी भन्ने आरोप लगाउँदै गोर्खा परिषद्‌ले प्रचार गरेको छ, जनता भड्किएका छन्, त्यसैले तपाईंले धर्म संस्कृति तथा रीतिरिवाजको पक्षमा कांग्रेस छ भनेर भाषण गरिदिनुपर्‍यो भने । तर, मैले भाषण गर्दा गर्दै आफ्नो जनै फुकालेर कालीगण्डकीमा बगाउन लगाइदिएँ । केही साथीहरूले ल बरबाद भयो, जनताले भोट नदिने भए भन्न थाले । तर त्यही निर्वाचन क्षेत्रमा कांग्रेसले सबैभन्दा बढी मत अन्तरले चुनाव जित्यो । सुवर्णजीको निर्वाचन क्षेत्र थियो त्यो । आफ्नो निर्वाचन क्षेत्रमा पाइलै नटेकी सुवर्णजीले चुनाव जित्नुभयो ।' आजभन्दा ६५ वर्षअघि बिपी कोइरालाले आमसभाको सामुन्ने आफ्नो जनै झिकेर नदीमा बगाउँदा कांग्रेसका अहिलेको नयाँ पुस्ताका युवा नेतामध्ये कतिपयका बाबु आमासमेत केटाकेटी थिए होलान् । तर, आज कांग्रेसका युवा नेताहरूलाई राणाकालको त्यो भुतले तर्साएको छ । हिन्दूराज्यको नीति नबोके कांग्रेस समाप्त हुने निचोडमा युवा नेता पुग्नुभनेको कांग्रेस साँच्चैकै समाप्तीको दिशामा हो कि ? भन्ने संकेत हो । मनको इशारामा चल्ने कम्प्युटर प्रयोगमा आइसकेको यो युगमा कुनै धर्मको एजेन्डा अघि सारेर राजनीति गर्ने व्यक्तिहरू देखापर्नु भनेको सामान्य अधोगति होइन ।

# एमालेले बुझेको र बुझ पचाएको आन्दोलन !



प्राडा बद्रीविशाल पोखरेल

> नेकपा एमाले निर्वाचनमा नेपालको पहिलो पार्टीका रूपमा देखियो । यस हिसाबले जनताको समर्थन एमालेमा रहेको छ र पार्टी र नेतृत्व सुधिने हो भने समर्थन बढ्ने नै देखिन्छ । हिजै पनि जनताले यस पार्टीलाई स्थानीय प्रदेश र संघमा कम समर्थन गरेको होइन तर कतिपय केन्द्र, प्रदेश र जिल्लाका नेताका गैरकम्युनिस्ट चरित्रका कारण हार भएको मैले आफ्नै जिल्ला र नगरबाट अनुभव गरेको छु

नेकपा एमाले देश र जनताका विरुद्ध लगातार काम गरिरहेको गठबन्धन सरकारका विरुद्ध काठमाडौं केन्द्रित आन्दोलनको तयारीमा जुटेको छ । पातपतिंगर र फोहोरको डंगुर वा थुप्रो लागेपछि सफा गर्न कुचो र खरेटाले सम्भव हुन्न । यसका लागि आँधीबेहरी र हुरी हुन्डरीकै आवश्यकता पर्छ । देशव्यापी जनचेतनामूलक आन्दोलनबिना देशलाई सफासुग्घर पार्न सकिन्न । तर आफैं भित्रका फोहोर फाल्न पनि ध्यान दिनुपर्छ । कमरेड केपी ओलीले नेपालमा पोलिटिकल कम्युनिस्ट धेरै छन् फिलोसोफिकल वा दार्शनिक कम्युनिस्ट कम छन् भन्नुभएको छ । उहाँका अनुसार कम्युनिस्टका नाममा सही कम्युनिस्ट कम छन् गैरकम्युनिस्ट बढी छन् । त्यसैले एमालेले एमाले भित्र नै गर्नुपर्ने शुद्धीकरण अभियानलाई तत्काल गम्भीर रूपमा ध्यान दिएन भने प्राप्त जनमतको फेरि पनि उपेक्षा गरेको ठहर्नेछ ।

सर्प बिच्छी र भ्यागुता मिलेर गठबन्धन गरे पनि नेकपा एमाले निर्वाचनमा नेपालको पहिलो पार्टीका रूपमा देखियो । यस हिसाबले जनताको समर्थन एमालेमा रहेको छ र पार्टी र नेतृत्व सुधिने हो भने समर्थन बढ्ने नै देखिन्छ । हिजै पनि जनताले यस पार्टीलाई स्थानीय प्रदेश र संघमा कम समर्थन गरेको होइन तर कतिपय केन्द्र, प्रदेश र जिल्लाका नेताका गैरकम्युनिस्ट चरित्रका कारण हार भएको मैले आफ्नै जिल्ला र नगरबाट अनुभव गरेको छु । यस्तो प्रवृत्ति अन्यत्र नहोलान् भन्न सकिन्न । यस प्रदेशमा एकल बहुमतको सरकार बनाउन कसैले रोक्ने थिएन र त्यसलाई रोक्ने र छेक्ने केही एमाले नै थिए र छन् र अझै हुनसक्ने देखिन्छ ।

निःश्वार्थ रूपमा काम गरौं भन्ने नेता र कार्यकर्तालाई काम गर्नै नदिने चरम विकृत चरित्र र चिन्तन खेल देखिन्छ । निर्वाचनमा भिन्न पक्षका कार्यकर्ता र जनतालाई त आकर्षित गरिन्छ र गरिएको छ । तर इटहरी उपमहानगरको विगत नगर निर्वाचनका यस नगरका घरघरमा चिरपरिचित बहुआयामिक प्रभावशाली प्रदेशका संस्कृति विभाग प्रमुखमा समेत व्यक्तित्वले संस्थागत प्रचारप्रसार गर्नै पाएनन्, प्रतिबन्धित भए । यहाँको जनता बहुमुखी क्याम्पसमा कुशल शैक्षिक प्रशासन सञ्चालन गरेका व्यक्तित्वलाई एकाध ठूला भनिएका नेता र नेतीले कालो पर्दाले तिनलाई छेके । उल्टो बिचौलिया पो हावी भए । अन्तर्घाती हाबी भए । यस खालको खोटी, लोभ र लालची प्रवृत्ति घातक बन्यो । यो प्रवृत्ति घनीभूत रूपमा अझै विद्यमान छ । जिल्लामा संगठन भताभुंग छ ।

जात, भात, नाक, नश्ल, थर, गोत्र, नसनाता हाबी छ । आसेपासे मात्रले केन्द्र, प्रदेश र जिल्ला र नगरको राजनीति र राजकीय अवसर पाउँछन् । त्यसैले पहिले आफैंलाई परिवर्तन गरे मात्र समाज परिवर्तन गर्न सकिन्छ । घर नै सफा नगरी नगर सफा हुँदैन । इटहरीका एकाधबाहेक सबै नेता र कार्यकर्ता अनैतिक भन्ने आशयको बेनामे पर्चा काण्डमा केन्द्र र जिल्ला नेताको प्रायोजन र परिचालन भएको थाहा भयो । पर्चा काण्डमा गम्भीर रूपमा आरोपित एमाले महिलाले सुनसरी इन्चार्ज शेरधन राईलाई घेरेपछि उनकै दबाबमा छानबिन समिति बनाइयो ।

आफैं धामी र झाँक्री भएर कानुन्ची एमाले नेता कमरेडले इटहरीबाट इनरुवाका इन्चार्ज भएका छन् । अदालतमा मुद्दा हाल्न लगाएर अलमल्याउन खोजे पनि फैसला फर्जी पर्चाकार र तिनका निर्देशकलाई दोषी करार गरेपछि मुखुण्डो उत्रियो । हुँदाहुँदा बोक्सीले छौडा खेलाएझैं गरेर एकअर्कालाई अनर्गल कुरा लगाएर एकअर्कामा बाझो लगाएर हैरान छ । तर कमजोरी उल्लेख गर्दा आरोप लाग्छ र टोपबहादुर जन्मदा धुरु धुरु रुनुपर्छ । सियो चोर्नेले फाली चोर्छ अनि घर फोर्छ भन्ने अलिकति पनि चेत नेतामा नहुँदा जनताले धेरै दुःख पाएका छन् ।

मिथिला पोखरेल र मैले आफ्नो नितान्त व्यक्तिगत स्वार्थ सिद्ध गर्न गर्ने उपाय थाहा नभएर कोशी प्रदेश अधिवेशनमा धर्ना अभियान गरेका थिएनौं । पार्टीलाई धोइपखाली गर्नुपर्छ, सफा सुग्घर बनाउनुपर्छ भन्ने गल्ती गरेका रहेछौं । सच्चा सपूतले कमजोरी देखाउँछ चम्चा र चाकरले जय गान मात्र गर्छ र खाल्टो तयार गर्छ ।

मान्छे हुन नसकेका मानिसलाई मानिस बनाउनु आन्दोलनको सार हो । कम्युनिस्ट नामका गैरकम्युनिस्टलाई त्यसको आदर्श सिकाउनु आन्दोलन हो । समग्र पछौटे चिन्तनविरुद्ध आन्दोलन गर्नु अपरिहार्य छ । राजनीति जेठो नीति भएकाले यस आन्दोलन बहुआयामिक अर्थ रहन्छ । अग्रगामी पक्षधरहरू सबै क्षेत्रबाट आमजनतालाई सचेत बनाउने आन्दोलनरत हुन्छन् । प्रतिक्रियावादीहरू सकेसम्म आफ्ना देश र जनता विरोधी काम कदमलाई सकेसम्म ढाकाछोप गरेर आमजनतालाई भ्रमित पार्ने आन्दोलन र अभियानमा निरन्तर क्रियाशील हुन्छन् । नेकपा एमाले गर्ने आन्दोलन समग्रतामा सरकारको देश र जनता विरोधमा केन्द्रित हुन्छ र हुनुपर्छ । ओली सरकारलाई अवैधानिक रूपमा हटाई न्यायालयले सार्वभौम संसद्‌लाई पूरै उपेक्षा गरी टिके प्रधानमन्त्री र सरकार बनाएको जगजाहेर छ । एमाले बाहेकका अरू सरकार तुलनामा ओली सरकारले गरेका कैयौं तत्कालीन, अल्पकालीन र दीर्घकालीन कामहरू गरेको जनसमक्ष स्पष्टै छ ।

एमालेको यो विरोध रचनात्मक विरोध हो । विरोधका लागि विरोध होइन । कष्टकर बनाउने सरकार र सत्तालाई झकझक्याउने, खबरदारी गर्ने र दण्डित गर्ने अभिप्राय राखेको हुन्छ । यसले मूलतः जनविरोधी शक्तिका तमाम खालका काला कर्तुतहरू जनसमक्ष उजागर गर्ने गर्छ । सरकारमा हुँदा नै पनि एमाले नेतृत्वको सरकार र पार्टी स्वयंलाई गोयबल्स शैलीको फरेबी प्रचारले एमाले नेता, कार्यकर्ता र जनमतलाई विभ्रमित पारेको थियो र अझै छ । एमाले प्रचार बहुआयामिक र प्रभावकारी र जनव्यापी नबनाउँदा यस्तो हुन्छ । २०४६ सालपछि र अझ २०५१ सालदेखि पार्टीले पटकपटक देशव्यापी आन्दोलन गर्दा जनविरोधी सरकारका विरुद्ध जनमत एमाले पक्षमा आबद्ध भएको थियो । गाउँगाउँ र गल्ली गल्लीसम्म पुगेको जनजागरण आन्दोलनले एमालेले गरेका जनप्रिय कामहरू जनसमक्ष स्पष्ट पारेका थियो । पार्टी र नेता कार्यकर्तालाई सिद्धान्तअनुसार परिवर्तित गर्न सुदृढीकरण र शुद्धीकरण अभियान देशव्यापी सञ्चालन गर्दा केही मात्रामा भए पनि स्वस्थ्यता हासिल भएको थियो । अहिले पनि यो अभियान अपरिहार्य भएको छ र त्यो अभियान माथिल्लै तहबाट सुरु गर्नुपर्छ । तर खासै बिग्रेको भत्केको छैन । स्थायी पोलिटब्युरो र धेरैजसो केन्द्रीय सदस्यहरूका कारण कहीं कहीं त विकृतिको पशिचमा पत्र भेलेन्टाइन वा प्रेम दिवसका अवरसमा फेसबुक र सामाजिक सञ्जाल भाइरल गर्ने नेता कार्यकर्ता लेखक कवि कलाकारहरू एकमुख भएर लाग्ने हो भने चाङ लागेको मैले थाहा पाएको छु । त्यसैले आन्तरिक समस्या हल गरियो र गर्न प्रयत्न गरियो भने स्थानीय, प्रदेश र संघमा बहुमत ल्याउन सकिन्छ तर माथिल्लो र केन्द्रीय स्तरका नेता नै अनुशासित नभएसम्म जनताले अत्यधिक मत दिए पनि त्यसलाई समेट्न र सदुपयोग हुने देखिन्न ।

आमजनतालाई समग्रतामा आन्दोलित गर्न यसका बहुआयाममा ध्यान दिनै पर्छ । आवश्यकताअनुसार आक्रामक, संवेगात्मक, कला साहित्यिक आदि रहरलाग्दो, भरलाग्दो आशलाग्दो आकर्षक आन्दोलन तय गर्नुपर्छ । हेरुँ हेरुँ सुनूँ सुनूँ सहभागी हौं जस्तो लाग्ने विचार केन्द्रित कलात्मक अभिव्यक्ति, अभिभाषण, एउटा प्रभावकारी चित्रकारिता जनविरोधी सरकार विराधी शक्ति हुन्छ । नेपाली र अन्य प्रमुख भाषाहरूका रोचक घोचक रचना आन्दोलनका प्राण हुनसक्छन् । ज्येष्ठ कम्युनिस्ट मञ्चका क्रान्तिकारी भजनहरूको आन्दोलनको अर्को रौनक हुनसक्छ । आन्दोलन सबै उमेर समूहका जनतालाई प्रभावित गर्ने हुनु जाती हुन्छ । आन्दोलनका सभाहरूमा गरिने सम्बोधन कलात्मक तथा प्रभावकारी हुनुपर्छ । मदनले भनेझैं राम्रो काम राम्रै तरिकाले सम्पन्न गर्ने सोच हुनुपर्छ ।

फेरि पनि यस खालको प्रवृत्ति दोहोरिने आशंका प्रबल छ । जात, भात, नाक र नश्लजस्ता विकृत चेत तथा नसनाता हस्‌हजुर जस्ता चरम विकृति कतिपय नेतामा कुटकुट भरिएको यस लेखकलाई थाहा छ ।

सबै खालका फरेबहरूलाई यस थुकी नदीझैं भएर समाप्त पार्न सकिन्छ । अहिले पनि दुई-दुईपटक सदन विघटन गरेको विषयबारे घैंटामा घाम लाग्ने गरी सम्झाउन नसक्दा अधिकांश एमाले केन्द्र र जिल्लाकै अगुवा नेतृत्व अलमलमा परेको झापा, तेह्रथुम सुनसरीलगायत जिल्लाको अध्ययनबाट स्पष्ट हुन्छ । यस बारेको गुह्य अन्तर्य केलाएर भन्दा नेता र कार्यकर्ता यति कुरा पनि बुझाएर भनिदिने सम्झाउने नेता नभएको तिनले मैसित गुनासो गरे । रोग लुकायो अझ रोग बढ्छ र असाध्य बन्छ अनि पार्टी नै धराशायी बन्छ भन्ने कुरा नबुझ्नेहरू पार्टीलाई कमजोर बनाउन उद्यत छन् । पिलोलाई सुमसुम्याएर हुन्न निचोर्नैपर्छ र मात्र निको हुन्छ । यति कुरा नेता सुमन प्याकुरेल थरि नेतालाई थाहा होला ।

# किन बढ्न सकेन चिनियाँ पर्यटक ?



निनाम लोवात्ती

> अब चिनियाँ पर्यटकहरूलाई कसरी हुन्छ, नेपालतर्फ आकर्षित गराउनका लागि हामी सबै लागि पर्नुपर्ने देखिन्छ । हुन पनि हामीले वार्षिक एक मिलियन अर्थात् १० लाख चिनियाँ पर्यटकहरूलाई नेपाल भित्र्याउन सके कस्तो हुँदो हो ? किनभने एफटिएन न्युज डट कमले लेखेको अर्को समाचारमा जनाइएअनुसार सन् २०१४ देखि मात्रै एक सय मिलियन अर्थात् एक करोड चिनियाँ नागरिकहरू विश्वमा पर्यटक भई घुम्न निक्लेका थिए

लगभग ११ महिनाअघि प्रकाशित भएको 'फोकस अन ट्राभल न्युज (एफटिएन न्युज डट कमको समाचार)' मा जनाइएअनुसार सन् २०३० सम्ममा २ सय २८ मिलियन चिनियाँ नागरिकहरू विश्वका विभिन्न देशमा पर्यटक भई घुम्न निक्लने छन् । ओहो !, यत्रो ठूलो संख्यामा पर्यटक भई विश्वका विभिन्न देश घुम्न निक्लने चिनियाँ नागरिक कहाँ जाँदा हुन् ? हामीलाई पनि चासो हुनैपर्ने देखिन्छ ।

किनभने ती २ सय २८ मिलियन चिनियाँ नागरिकहरू विश्वका विभिन्न देशमा पर्यटक भई घुम्न निक्लने छन्, ती मध्ये वार्षिक रूपमा सुरुको पहिलो वर्ष (सन् २०२४) मा १ लाख ४०-५० हजार, दोस्रो वर्ष अर्थात् सन् २०२५ मा २ लाख ८०-९० हजार, तेस्रो वर्ष अर्थात् सन् २०२६ मा ४ लाख ८०-९० हजार चौथो वर्ष अर्थात् सन् २०२७ मा ६ लाख ६०-७० हजारको संख्याले क्रमशः बढाउँदै लगेर सन् २०३० सम्ममा एक मिलियन चिनियाँ पर्यटकहरूलाई नेपालतर्फ आकर्षित गर्नसके हामीलाई आर्थिक रूपमा धेरै फाइदा हुने, हामीले चिनियाँ पर्यटकहरूबाट अनपेक्षित ढंगले फाइदा लिन सक्छौं ।

त्यसैले अब चिनियाँ पर्यटकहरूलाई कसरी हुन्छ, नेपालतर्फ आकर्षित गराउनका लागि हामी सबै लागि पर्नुपर्ने देखिन्छ । हुन पनि हामीले वार्षिक एक मिलियन अर्थात १० लाख चिनियाँ पर्यटकहरूलाई नेपाल भित्र्याउनसके कस्तो हुँदो हो ? किनभने एफटिएन न्युज डट कमले लेखेको अर्को समाचारमा जनाइएअनुसार सन् २०१४ देखि मात्रै एक सय मिलियन अर्थात् एक करोड चिनियाँ नागरिकहरू विश्वमा पर्यटक भई घुम्न निक्लेका थिए । उता सन् २०२३ को जनवरीमा 'साउथ चाइना मर्निङ पोस्ट'मा आएको समाचारमा जनाइएअनुसार चीन सरकारले सो वर्ष को जनवरी महिनाको सुरुदेखि मात्रै विश्वका २० वटा देशमा चिनियाँ नागरिकहरूलाई पर्यटकका रूपमा भ्रमण गर्न अनुमति दिइएको थियो । त्यसअघि सन् २०१९ को डिसेम्बर अन्तिमा सुरु भएको कोरोना महामारी (कोभिड-१९) का कारण चीन सरकारले आफ्ना देशका नागरिकहरूलाई विश्वका सबै देशमा पर्यटक भई घुम्न जान निषेध गरेको थियो । दुःखको कुरो के भने चीन सरकारले चिनियाँ नागरिकहरूलाई पर्यटक भई घुम्न जाने अनुमति दिएका २० देशको सूचीमा सुरुमा नेपाल परेको थिएन ।

त्यसो त चीन सरकारले आफ्नो देशका नागरिकहरूलाई विदेशमा पर्यटक भई जान अनुमति दिएको २० वटा देशको सूचीमा सिंगापुर, हङकङ, मकाउ, थाइल्यान्ड, माल्दिभ्स, मलेसिया, संयुक्त अरब इमिरेट्स, रुस, न्युजिल्यान्ड, स्विट्जरल्यान्ड, क्यानडा, संयुक्त राज्य अमेरिका (युएसए), जापान, दक्षिण कोरिया, अस्ट्रेलिया, भियतनाम, कम्बोडियालगायत युरोपीय देश रहेका छन् । तापनि चिनियाँ पर्यटकहरूको हालको प्रथम रोजाइका देशहरूमा चाहिँ जापान, अमेरिका, अस्ट्रेलिया, युरोपका केही देशहरू, न्युजिल्यान्ड आदि रहेको छ । खासमा चिनियाँ पर्यकहरूको फेमस डेस्टनेसनमा पर्ने देशहरू पनि युरोपको फ्रान्स, इटली, जर्मनी, बेल्जियम, अस्ट्रिया, पोर्चुगल, नर्वे, मोनाको, सिंगापुर, हङकङ, मकाउ, थाइल्यान्ड, माल्दिभ्स, मलेसिया, संयुक्त अरब इमिरेट्स, रुस, मंगोलिया, न्युजिल्यान्ड, स्विट्जरल्यान्ड, क्यानडा, संयुक्त राज्य अमेरिका (युएसए), जापान, दक्षिण कोरिया, अस्ट्रेलिया, भियतनाम, कम्बोडिया, टर्की, इरानलगायत देशहरू रहेका छन् । मेरो विचारमा चिनियाँ पर्यटक धेरैभन्दा धेरै नेपाल भित्र्याउनका लागि चीनको ठूलो र धेरै जनसंख्या भएका सहरहरू जस्तै (१) चोङकिङ । (२) साङघाई । (३) बेइजिङ । (४) छेङदु । (५) ग्वाङ्झाओ । (६) शेनजेन । (७) तियानजिन । (८) वुहान । (९) शुझोउ । (१०) लिनयी । (११) हार्बिन । (१२) शिझियाझुवाङ । (१३) ह्वाङझाओ । (१४) झेङझोउ । (१५) सियान । (१६) नानयाङ । (१७) गाङझोङ । (१८) हान्दाङ । (१९) क्विङदाओ । (२०) बाओदिङ । (२१) वेइफाङ । (२२) वेनझोउ । (२३) जिनान । (२४) सुझोउ । (२५) हेजे आदि सरहमा चीन-नेपाल सिधा हवाई उडानका लागि पहल गर्नुपर्ने देखिन्छ ।

माथि उल्लेख गरिएका चीनको ठूलो २५ सहरमा ३२ दशमलव शून्य ५ मिलियनदेखि ८ दशमलव ७८ मिलियन चिनियाँ जनताको बसोबास रहेको छ । त्यसैले ती सहरबाट शून्य दशमलव एक प्रतिशत मात्रै चिनियाँ नागरिकहरू नेपालमा पर्यटक बनेर भ्रमण गर्न आए भने उनीहरूको संख्या कति पुग्ला ? त्यसका कामका लागि हामीले चिनियाँ एयरलाइन्सहरू साउथ चाइना एयरलाइन्स, चाइना इस्टर्न, एयर चाइना, हाइनान एयरलाइन्स, शाङघाई एयरलाइन्स, साङदोङ एयर, शेनजेन एयर, सिचुआन एयर, शियामेन एयर आदिलाई नेपालमा कम्तिमा हप्ताको एकएक उडान गराउनसके सुनमा सुगन्ध हुने थियो । अझ संभव भएदेखि हप्तामै २०-२२ उडान गर्नसके...। हुन त गत १७ जनवरीदेखि हिमालय एयरले चीनको राजधानी बेइझिङमा फेरि आफ्नो उडान सुरु गरिसकेको छ भने, नेपाल एयरलाइन्सले पनि चीनको राजधानी बेइझिङ, गुइयाङ, चाङसा, शेनजेन, चोङकिङलगायत सहरमा उडान गर्ने तयारी गरिरहेको भन्ने समाचार आएको छ । चीन सरकारले २००३ देखि मात्रै चिनियाँ नागरिकहरूलाई पर्यटकका रूपमा नेपाल आउने अनुमति दिएको हो । सोही वर्ष ७ हजार ५ सय ६२ जना चिनियाँ नागरिकहरू पर्यटकका रूपमा नेपाल भ्रमण गर्न आएका थिए । त्यसयता चिनियाँ पर्यटकको संख्या लगातार बढेको थयो गएको दुई तीन वर्ष (सन् २०२०, २०२१, २०२२ मा) बाहेक । त्यसैले हामीले अबको केही वर्षपछि नै नेपाल आउने विदेशी पर्यटकको धेरै संख्या उत्तरको छिमेकी देशलाई बनाउने लक्ष्य लिनुपर्ने देखिन्छ । विगत केही वर्षदेखि विश्वकै पहिलो नम्बर (धेरै संख्यामा पर्यटक भएर विदेश घुम्ने र प्रतिव्यक्ति दैनिक धेरै खर्च गर्ने) को रूपमा विदेश घुमिरहेका र सबैभन्दा धेरै दैनिक खर्च गरिरहेका त्यही चिनियाँ पर्यटकहरू नेपाल भ्रमणमा चाहिँ किन कम संख्यामा आउँछन् ? उनीहरूले नेपालमा आउँदा किन कम खर्च गर्छन् ? यस विषयमा हामीले बेलैमा सोचेर सोहीअनुसार चिनियाँ पर्यटक भित्र्याउने रणनीति बनाउनुपर्ने देखिन्छ ।

अझ भएन, नेपाल आउने चिनियाँ पर्यटकहरू किन छोटो अवधिका लागि मात्रै आउने गरेका छन्, किन कम खर्च गर्ने खालका चिनियाँ पर्यटकहरू मात्रै नेपाल आइरहेका छन् ? यस सम्बन्धमा पनि हामीले गहिरो गरी अध्ययन गर्नुपर्ने हो कि ? भन्ने देखिन्छ । जस्तै चिनियाँ पर्यटकहरू नेपालमा चार/पाँच दिनदेखि नौ/१० दिनसम्म बिताउनेहरू बढी देखिन्छ । हुनत चिनियाँ पर्यटकहरू नेपाल आएपछि एकै जनाले ट्रेकिङ, र्‍याफ्टिङ, जंगल सफारी, बञ्जी जम्पिङ, प्याराग्लाइडिङ, साइक्लिङ, क्यानोइङ, कायाकिङ आदि पनि गर्ने भएकोले चिनियाँ पर्यटकबाट टुर अपरेटरहरूलाई आर्थिक रूपमा भने भारतीय र अन्य देशका पर्यटकबाट भन्दा चिनियाँ पर्यटकबाट धेरै फाइदा हुने गरेको देखिन्छ ।

हामीले डिलक्स, लक्जरियस र, सक्दो खर्च गर्न सक्ने र कम्तिमा आठ/१० दिनदेखि १४/१५ दिनसम्म नेपालमा बिताउने खालका चिनियाँ पर्यटक र भारतीय पर्यटकहरू धेरैभन्दा धेरै भित्र्याउने प्रयासमा लाग्नुपर्ने देखिन्छ । नेपाल आउने विदेशी पर्यटकहरू खासै खर्चिला हुँदैनन् भन्ने सन्दर्भमा भन्नुपर्दा चिनियाँ पर्यटकहरू 'मक्खिचुस' नै भने होइनन् । किनभने, संयुक्त राष्ट्र संघ सम्बद्ध संस्था युएन-डब्लुटिओलगायत विश्व पर्यटनसँग सम्बिन्धित संघ-संस्थाहरूले विभिन्न समयमा गर्ने गरेको विभिन्न अनुसन्धान र सर्वेक्षणहरूमा चिनियाँ पर्यटकहरू लगातार रूपमा विश्वकै धेरै खर्च गर्ने पर्यटकमा गनिने/दरिने गरेका छन् । सन् २०२३ मा लगभग ६० हजार चिनियाँ पर्यटकहरूले नेपाल भ्रमण गरेका छन् । चालु वर्ष (सन् २०२४ मा) कम्तिमा पनि तीन दोब्बरले चिनियाँ पर्यटकहरूलाई नेपाल भ्रमण गर्न आकर्षित गर्नुपर्ने देखिन्छ । यो संख्यामा हामी चिनियनाँ पर्यटक नेपाल भित्र्याउन सकेदेखि नेपालमा चिनियाँ पर्यटकहरूको आगमन दर हालसम्मकै उच्च वृद्धि रहनेछ । त्यसैले हामीले सकेसम्म अझै पनि चिनियाँ जनताहरूको बाक्लो बसोबास रहेको कम्तिमा २० वटा सहरहरूमा हवाई यातायातको प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । अझ सकेदेखि त तुरुन्तै ती सहरहरूमा हवाई उडान सुरु गरिहाल्न पाए 'सुनमा सुगन्ध' नै हुने थियो । खैर, हामीले कुरो गर्नु, कल्पना गर्नु, गफगाफ गर्नु र व्यावहारिक रूपमा फिल्डमै गएर खरो उत्रनु फरकफरक कुरो हो । तापनि आशा गरौं, सन् २०१९ को डिसेम्बर महिनाको अन्त्यतिर सुरु भएको कोरोना महामारीका कारण सन् २०२० देखि नेपालमा बढ्न नसकेको (चौथो, पाँचौं, छैटौं, तेस्रो स्थानमा झरेको) चिनियाँ पर्यटकको संख्याले नेपालमा बिस्तारै बढोत्तरी हुँदै गएर भविष्यमा दोस्रो स्थान लिँदै पहिलो स्थान लिओस्, पुगोस्, भन्ने आशा गरौं ।




# सौर्य दैनिक मधेस




## 'योग' मानव जीवनको प्राण हो : मेयर यादव



■ अनिल गौरव

कलैया । महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्रप्रसाद यादवले आजको युगमा 'योग' मानव जीवनको प्राण भएको बताएका छन् ।

बाराको कलैयामा बुधबार पतञ्जली योग समितिद्वारा पतञ्जली योग साधना केन्द्र भवनको शिलान्यास तथा उद्घाटन कार्यक्रममा प्रमुखअतिथि रहेका उनले उक्त कुरा बताएका हुन् । उनले मधुमेह, प्रेसर र हरेक रोगको निधानका लागि योग आवश्यक रहेको कार्यक्रममा बताए । साथै बारा जिल्लामा यो भवन निर्माणले जिल्लावासीलाई निरोग बनाउन ठूलो भूमिका निर्वाह गर्ने उनले विश्वास व्यक्त गरे । उक्त कार्यक्रममा मधेस प्रदेशका पूर्व प्रदेशसभा सदस्य पारस साहले स्वस्थ्य रहन योग गर्न मानव जातिका लागि उपयुक्त हुने बताएका थिए । उनले पतञ्जली भवन निर्माणमा आफ्नो आमाको नामबाट २५ हजार नगद दान गर्ने घोषणा गरे । त्यस्तै सिमौनगढ नगरपालिकाका नगरप्रमुख किशोरी साह कलवारले भवन निर्माण गर्न २० लाख रुपैयाँ दिने घोषणासहित शुभकामना व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा पतञ्जली योग समितिका संस्थापक अध्यक्ष तथा आर्य समाजका जिल्ला अध्यक्ष राजेशकुमार गुप्ता, गोपाल सेवा समिति बारा शाखाका अध्यक्ष जंगबहादुर प्रसाद यादव, ब्रह्मकुमारी राजयोग सेवा केन्द्र बाराका प्रमुख मीना दिदी, गोपाल सेवा समितिका उपाध्यक्ष रामधारी प्रसाद यादव, पतञ्जली योग समितिका उपाध्यक्ष ओम प्रकाश प्रसाद यादवले आ-आफ्नो आमाको नामबाट २१ हजार रुपैयाँ दिने घोषणा गरेका थिए । पतञ्जली योग समिति बाराका अध्यक्ष सुरेश साह कानुको अध्यक्षता उक्त कार्यक्रम भएको थियो ।

# आपसी सद्भाव कायम राख्न जीतपुरमा 'सद्भाव ऱ्याली'

■ अखिलेशकुमार यादव

बारा । वीरगञ्जमा केहीदिन यता दुई फरक धर्मका समुदायबीच तनाव बढ्दै गएपछि बुधबार बाराको जीतपुरमा 'सद्भाव ऱ्याली' निकालिएको छ । रौतहटको ईशनाथ नगरपालिकामा गत बिहीबार सरस्वतीको मूर्ति सेलाउने क्रममा दुई समुदायबीच भएको भिडन्तको घटनालाई लिएर वीरगञ्जमा पनि तीन दिनदेखि तनाव भइरहेको छ । उक्त घटनाको विरोधमा सोमबार हिन्दूवादीहरूले वीरगञ्ज बजार बन्द गराउनुका साथै प्रदर्शन गरेका थिए ।

यसैलाई मध्यनजर गरी बाराको जीतपुरमा 'सद्भाव ऱ्याली' निकालिएको हो । प्राप्तिको लागि प्रेरणा समूह नेपाल र ब्रह्मकुमारी राजयोग उपसेवा केन्द्र जीतपुरको अगुवाइमा 'सद्भाव ऱ्याली' निकालिएको हो । वडा कार्यालयबाट सुरू भएको 'सद्भाव ऱ्याली' बकुलिया सडक, केराढोका हुँदै नगर परिक्रमा गरेको थियो ।





'सद्भाव ऱ्याली' मा मधेस प्रदेशसभा सदस्य देवनारायण चौधरी, जीतपुर सिमरा उपमहानगरपालिका-७ का वडाध्यक्ष सुनिलकुमार गुप्ता शिक्षक विद्यार्थीहरू, नागरिक समाजका अगुवा, मानव अधिकारकर्मी, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

'सद्भाव ऱ्याली' मा सहभागीले 'धार्मिक सद्भाव कायम गरौं' सामुदायिक सदभाव कायम राखौं, हिन्दू-मुस्लिम भाइभाइ' भन्दै नारा लगाएका थिए । जीतपुरमा कुनै अप्रिय घटना नहोस् भनेर सद्भाव ऱ्याली निकालिएको प्राप्तिका लागि प्रेरणा समूह नेपालका अध्यक्ष अनिलकुमार साहले बताए । धर्मकै नाममा विभेद गरेर समाजमा कलह र हिंसा पैदा गर्न खोज्नेहरूदेखि जीतपुरवासी सचेत छन् भन्ने सन्देश प्रवाह गर्नका लागि सद्भाव ऱ्याली निकालिएको अध्यक्ष साहले बताए । उनले भने, 'हामी जीतपुरवासी सचेत छौं र हामी एकआपसमा मिलेर बसेका छौं भन्ने सन्देश हामीले यस ऱ्यालीबाट दिन खोजेका हौं ।'

आपसी भाइचारा बिथोल्ने गरी बढ्दै गएका गतिविधिप्रति ऱ्यालीमा सहभागी हिन्दू र मुस्लिम धर्मका अगुवाहरूले चिन्ता व्यक्त गरे । समुदायलाई उक्साहटमा ल्याएर सद्भाव बिगार्ने र शान्ति प्रक्रियामा खलल गर्नेहरूलाई कानुनको दायराभित्र ल्याई कारबाही गर्न ऱ्यालीमा सहभागी भएकाले माग गरेका थिए । त्यस्तै जिल्लाको सदरमुकाममा पनि सद्भाव ऱ्याली निकालिएको छ । जिल्लाको राजनीतिक दल र जिल्लाका प्रमुखहरूको उपस्थितिमा कलैयामा सद्भाव ऱ्याली निकालिएको हो ।

## वीरगञ्जमा लगाइएको कर्फ्यू खुकुलो

■ सौर्य समाचार


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्सा
पत्र संख्या : ०८०/०८१
च.नं. :
मिति :२०८०-११-०९
ने.सं. ११४४,सिल्लाथ्व १२, बुधबार
विषय: कर्फ्यू आदेश सम्बन्धमा ।
मिति २०८० साल फाल्गुन ७ गते सोमबार बेलुका ५ बजेदेखि अर्को आदेश नभएसम्मका लागि कर्फ्यू आदेश जारी गरिएकोमा सर्वसाधारणको सुविधालाई दृष्टिगत गरी हाललाई मिति २०८० साल फाल्गुन ९ गते बुधवार बिहान ११ बजेदेखि बेलुकी १० बजेसम्मका लागि कर्फ्यू आदेश स्थगित गरिएको व्यहोरा यसै सूचना मार्फत सबैमा जानकारी गराईन्छ ।
(दिनेश सागर भुसाल)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

पर्सा । सोमबार बेलुकादेखि पर्साको वीरगञ्जमा लगाइएको कर्फ्यू बिहान ११ बजेदेखि राती १० बजेसम्मका लागि हटाइएको छ । रौतहटको ईशनाथ नगरपालिकाको झडपको विरोधमा सोमबार हिन्दू समाजले निकालेको प्रदर्शनका क्रममा दुई पक्षबीच वीरगञ्जमा झडपको स्थिति सिर्जना भएकाले निषेधाज्ञा जारी गरिएको थियो । जिल्ला प्रशासन कार्यालय पर्साले रौतहटमा भएको झडपको विषयमा हिंसा भड्कन सक्ने भन्दै सोमबार बेलुका ५ बजेदेखि अर्को आदेश जारी नभएसम्मका लागि वीरगञ्जका केही भागमा कर्फ्यू लगाएको थियो । वीरगञ्जमा सोमबारदेखि दुई फरक धर्म समुदायबीचको द्वन्द्वका कारण उत्पन्न तनावको स्थिति साम्य हुँदै गएकोले सर्वसाधारण नागरिकको सुविधा र सहजतालाई मध्यनजर गरी अर्को आदेश नभएसम्मका लागि सोमबार साँझदेखि जारी गरिएको कर्फ्यू आदेश बुधबार बिहान ११ बजेदेखि राती १० बजेसम्मका लागि हटाइएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए ।

प्रशासनले वीरगञ्ज महानगरपालिकाको पूर्वमा नगवा चौक, पश्चिममा तिलावे पुल, उत्तरमा परवानीपुर र दक्षिणमा मितेरीपुलसम्म कर्फ्यू लाग्ने जनाएको छ । ती क्षेत्रमा आवतजावत गर्न, भेला हुन, बाहिर हिँडडुल गर्न, जुलुस प्रदर्शन गर्न, घेराउ वा ऱ्याली गर्न एवं कुनै पनि प्रकारको उच्छृंखल गतिविधि गर्न बन्देज लगाइएको छ । बुधबार बिहान १० बजे फेरि बसेको जिल्ला सुरक्षा समितिको बैठकले भने अवस्था सामान्य बन्दै गएको देखेपछि बुधबार बिहान ११ बजेदेखि राती १० बजेसम्मका लागि कर्फ्यू हटाउने निर्णय गरेको भुसालले बताए ।

## बालअधिकार प्रवर्द्धनका लागि बालमैत्री अभियान आवश्यक



■ उमेशकुमार साह

सप्तरी । बाल मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमको सन्दर्भमा बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रभावकारी प्रवर्द्धन तथा स्थापना गर्न नगरपालिकाले सचेतना कार्यक्रम आयोजना गरेको छ ।

विद्यार्थी, विकासमा साझेदार, समाजिक संघसंस्था, अभियन्तालगायत बोदे बर्साइन नगरभरीका ३० जनाभन्दा बढी व्यक्तिको उपस्थितिमा आयोजना गरिएको कार्यक्रममा बोदे बर्साइन नगरपालिकाका कार्यवाहक नगरप्रमुख रेणुकुमारी साहले बालबालिकाको लागि सबल वातावरण सबै उमेर समूहको लागि सहज हुने बताइन् । उनले अरू उमेर समूह केन्द्रित वातावरण, सबैको लागि सबल नहुने कुरामा जोड दिँदै त्यसको लागि बालबालिकामा लगानी बढाउन जरुरी रहेको बताइन् ।

प्रमुख साहले बालमैत्री स्थानीय शासनको अवधारणा र बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका तथा घोषणा कार्यविधिको कार्यान्वयनका अवस्थाका सन्दर्भमा प्रस्तुतीकरणका साथै बालमैत्री अभियानलाई प्रभावकारी रूपमा अघि बढाउन नगरपालिकाको तर्फबाट प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा सहभागी बोदे बर्साइन नगरपालिकाका इन्जिनियर दिनेश ठाकुर, सूचना अधिकारी मोहम्मद इमामुल हक लगायत वडा-३ र ४ का वडा अध्यक्ष शिव नारायण यादव र किरण साहले बालमैत्री अभियानलाई उत्तरदायी जवाफदेही र लगानी मैत्री बनाउन जोड दिए ।


## जीतपुरसिमरामा चोरीको घटना बढ्दै

■ सौर्य समाचार

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा चोरीको घटना बढ्दै गइरहेको छ । एकसाता नबित्दै जीतपुर सिमरामा तीन वटा चोरीको घटना बाहिरिएको छ । फागुन ३ गते सिमरामा दिपेन्द्र मैनालीको घरबाट करिब १२ लाख मूल्य बराबरको समान चोरी भएको थियो भने सोमबार राती पथलैयास्थित सुभद्रा न्यौपानेको घरमा समेत चोरी भएको छ ।

एकसाता नबित्दै जीतपुरसिमराको तीन वटा घरमा चोरीका घटना भए पनि प्रहरी अहिलेसम्म चोर पक्राउ गर्न सकेको छैन । मंगलबार सिमरास्थित अक्षरा पाठशाला बोर्डिङमा समेत चोरी गरी नगद ७० हजार र दुई वटा ल्यापटप लगेका छन् ।

घरमा कोही नभएको बेला मौकाछोपी चोरी हुने गरेका छन् । जीतपुरसिमरा उपमहानगरमा प्रहरीको फितलो सुरक्षाको कारण दिनानुदिन चोरीको घटना बढ्दै गएको स्थानीयको गुनासो छ । जीतपुरसिमरामा सहकारीदेखि विद्यालय, घरमा चोरीको घटना बढेसँगै स्थानीय त्रसित भएको छन् । यता इलाका प्रहरी कार्यालय सिमराले चोरले घरमा कोही नभएको मौका छोपेर चोरी गर्ने गरेको र घर धनीहरूले घरमा आफू नभएको जानकारी नदिएको कारणले चोरीको घटना बढेको बताएको छ । प्रहरीले चोर नियन्त्रणमा लिनका लागि अनुसन्धान गरिरहेको बताएको छ । घर, सहकारी तथा विद्यालयको भवनबाट चोरी भए पनि अहिलेसम्म चोरीमा संलग्न व्यक्ति वा समूह पक्राउ परेका छैनन् । जनताको सुरक्षामा खटेको प्रहरीको फितलो सुरक्षाका कारण चोरीको घटना बढेकोले अहिले स्थानीयहरू त्रसित बनेका छन् ।



## रौतहटको ईशनाथमा लगाइएको कर्फ्यू हट्यो

■ राकेश यादव

रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिकाको ६ वटा वडामा लगाइएको कर्फ्यू आदेश हटाइएको छ ।

बसन्त पञ्चमीको अवसरमा आयोजना गरिएको सरस्वती पूजापछि फागुन ४ गते मूर्ति सेलाउन जाँदै गरेको बेला ईशनाथ नगरपालिका-७ घिउरामा मुस्लिम समुदायका केही व्यक्तिले अवरोध पुऱ्याउँदा दुवै पक्षमा झडप भएको थियो ।

छतबाट मुस्लिम समुदायका व्यक्तिले हिन्दू समुदायका मूर्ति सेलाउन जाने युवाहरूमाथि ढुंगामुढा प्रहार गर्दा एक जना घाइते भएपछि स्थिति नियन्त्रणमा लिनका लागि स्थानीय प्रशासनले सो वडामा ६ गतेदेखि कर्फ्यू आदेश जारी गरेको थियो ।

घिउरा टोलमा भएको विवादको विषय लिएर ईशनाथ नगरपालिका-३ मा रहेको मस्जिदमा लगाइएको लाउड स्पिकर




खोलेर फालेपछि दुवै समुदायबीच धार्मिक सामाजिक साम्प्रदायिक द्वन्द्व सिर्जना हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै स्थानीय प्रशासनले ६ गतेदेखि थप वडाहरू २, ३, ४, ५, ६ मा कर्फ्यू जारी गरेको थियो । जिल्ला प्रशासन कार्यालय रौतहटले सूचना जारी गर्दै विवाद समाधान भइसकेको हुँदा बेलुकी ६ बजेदेखि कर्फ्यू हटाइएको जनाएको छ ।

## देवाही गोनाही नगरपालिकामा बुधबार शोक बिदा

■ सौर्य समाचार

रौतहट । देवाही गोनाही नगरपालिकामा बुधवार शोक बिदा दिएको छ । नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख मनोजकुमार यादवको निधनमा शोक मनाउन बुधबार शोक बिदा दिएको देवाही गोनाही नगरपालिकाको नगरप्रमुख प्रेमलाल साह कानुले बताए ।

स्वास्थ्य शाखा प्रमुख यादवको मंगलबार राती १० बजे हृदयघातका कारण निधन भएको प्रति दुःख व्यक्त गर्दै नगरपालिकाले बुधबार शोक बिदा दिएको देवाही गोनाही नगरपालिकाको निमित प्रमुख प्रशासकीय अधिकृत राजदेव रामले बताए । बुधबार नगरपालिकाको कार्यालय र मातहतका सबै वडा कार्यालयहरू, संघसंस्था, सामुदायिक विद्यालयहरूमा शोक बिदा दिएको निमित्त प्रशासकीय अधिकृत राजदेव रामले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।



# जोशी र वैद्यको स्मृतिसभा

■ सौर्य समाचार




काठमाडौं । वासु शशी स्मृति परिषद्ले सोमबार अग्रज सर्जक कृष्ण जोशी र गीतकार, संगीतकार एवं गायक योगेश वैद्यको स्मृतिसभा सम्पन्न गरेको छ । परिषद्का अध्यक्ष गणेश रसिकको सभापतित्वमा आयोजित सो सभामा अग्रज कलाकार मदनदास श्रेष्ठ, गीतकार दिनेश अधिकारी, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले दुवै सर्जकका बारेमा मन्तव्य राखेका थिए ।

गायिका रीता महर्जनले सञ्चालन गरेको सो कार्यक्रममा संस्थाका सचिव प्रद्युम्न जोशीले स्वागत मन्तव्य राखे । कार्यक्रममा वासु शशी स्मृति परिषद्ले नेपाली साहित्यमा क्रियाशील तीन सर्जकलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ । यसपटक 'वासु शशी साहित्य सम्मान-२०८०' अग्रज गीतकार किरण खरेललाई र 'वासु शशी साहित्य पुरस्कार-२०८० ' पुरस्कार प्रतिसरा सायमिलाई प्रदान गरिने घोषणा गरिएको थियो । यसैगरी यसैपटक स्थापना गरिएको 'कृष्ण सरस्वती साहित्य पुरस्कार' डा. विष्णु राईलाई प्रदान गरिने पनि जानकारी गराइएको थियो । सो सम्मान तथा पुरस्कार कवि एवं नाटककार वासु शशीको ८८औं जन्मजयन्तीको अवसरमा आगामी चैत १३ गते प्रदान गरिने र उक्त पुरस्कारको राशि रू. २५ हजार रहेको परिषद्का सचिव प्रद्युम्न जोशीले जानकारी गराए । उनले राधेश्याम लेकालीको संयोजकत्वमा प्रद्युम्न जोशी र सुमन वर्षा रहेको तीन सदस्यीय समितिको सिफारिसमा सो निर्णय गरिएको पनि उल्लेख गरे । वासु शशी साहित्य पुरस्कारबाट यसअघि कवि एवं साहित्यकारहरू विनोद अश्रुमाली, मञ्जु काँचुली, बद्री पालिखे, गणेश रसिक, हेम हमाल, विश्वविमोहन श्रेष्ठ, अशेष मल्ल, हरि अधिकारी, कृष्णभूषण बल, काजी रोशन, डा. विष्णुविभु घिमिरे, नरेन्द्रबहादुर श्रेष्ठ, डा. विमल कोइराला, तीर्थ श्रेष्ठ, कणाद महर्षि, उषा शेरचन, गोविन्द गिरी प्रेरणा, शैलेन्दुप्रकाश नेपाल, इन्दिरा प्रसाई, राधेश्याम लेकाली, मोमिला र श्यामल पुरस्कृत भइसकेका छन् । यसैगरी वासु शशी स्मृति सम्मानबाट अग्रज साहित्यकार तीर्थराज वन्त, डा. मोहनहिमाशु थापा, तुलसी दिवस, भैरवनाथ रिमाल 'कदम', प्रदीप रिमाल, यादव खरेल, गीताकेशरी, शिव रेग्मी, परशु प्रधान, कालीप्रसाद रिजाल, कृष्ण जोशी, रमा शर्मा, श्रीधर खनाल, ज्ञान उदास, भागिरथी श्रेष्ठ, कल्पना प्रधान, श्रेष्ठ प्रिया पत्थर, कर्ण शाक्य, शैलेन्द्र साकार, हिरण्य भोजपुरे र डा. गोपीकृष्ण खतिवडा सम्मानित भइसकेका छन् ।

कार्यक्रममा साहित्यकार हिरण्यकुमारी पाठक, नरेन्द्रबहादुर श्रेष्ठ, प्रमोद प्रधान, जयदेव भट्टराई, तुलसीहरि कोइराला, प्रा.डा. गोविन्दमानसिंह कार्की, मुरारी सिग्देल, सुन्दर जोशी, छविरमण सिलवाल, श्याम प्रधान, सुमन वर्षा, अनुपम रोशी, गीता कार्की, हरिश कल्पित, सुदर्शन श्रेष्ठ, नवीन शाही, रुद्र अधिकारी, सरस्वती गौतमलगायत सरस्वती जोशी र तैयरा बैद्यका परिवारजनको उपस्थिति रहेको थियो ।

# गणेशको एकल कमेडी



■ सौर्य समाचार

काठमाडौं । गायनसंगै समाजसेवामा समेत सक्रिय हाँस्य कलाकार गणेश ईशाराले एकल 'अल नेपाल कमेडी सो' कार्यक्रम सुरु गर्ने भएका छन् । 'जो धेरै हाँस्छ ऊ धेरै बाँच्छ' भन्ने नाराका साथ ईशाराको एकल 'अल नेपाल कमेडी सो' आगामी ६ बैशाखमा राष्ट्रिय नाचघर जमलबाट प्रारम्भ गर्ने भएका छन् । कलाकार इशाराले 'सदन हल र भट्टी पसल उस्तै', 'साँढेतन्त्र' र 'भद्रगोल डटकम' आदि प्रहसन प्रस्तुत गर्ने जनाए । उनले कलाको माध्यामबाट कार्यक्रम गरी मुटु र मृगौला रोगीको उपचार खर्च जुटाएर सहयोग गर्दै आएका छन् । ईशाराले विगतमा मृगौलापीडित खोटाङका हस्तबहादुर तामाङ, भोजपुरकी सिर्जना राई, राजेन्द्र राई, दोलखाकी कौशिका ठकुरी, झापाकी ललिता चाम्लिङ लगायतलाई आर्थिक सहयोग उपलब्ध गराइसकेका छन् । कलाकार ईशारा २०५४ सालदेखि मुटुरोगी, मृगौलारोगी, वृद्धाश्रामदेखि विभिन्न रोगबाट पीडितको लागि आर्थिक सहयोग जुटाउँदै आएका छन् । उनले आफ्नै हजुरआमाको नाममा 'वीरमाया राई 'सोभोमा' स्मृतिकोष स्थापना गरी आउँदा दिनमा विभिन्न समस्यामा परेका दुःखी, पीडितलाई सहायता दिन सकुँ भन्ने हेतुले स्मृतिकोष निर्माण गरेको बताए । १४औं एकल सो ६ वैशाखमा हुने कार्यक्रमको संयोजक बन्दना किराती, धरान ट्राभर्ल्स टुर एण्ड प्रालि सातदोबाटोको आयोजनामा हुन लागेको हो ।


श्री झरना सामुदायिक वन उपभोक्ता समूह
विनयी त्रिवेणी गा.पा. ४, नवलपरासी (व.सु.पू.)

**काठ दाउरा लिलाम बिक्रिको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/११/१०)

यस झरना सामुदायिक वन उपभोक्ता समुहको वन बाट आ.व. २०७६/०७७ र आ.व. २०७९/२०८० मा स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई सामुदायिक वन घाट्गद्दीमा लट बनाई राखिएको साल जातका गोलिया काठ थान १५५ को परिमाण १५७८.४९ क्यू.फिट. र साल दाउरा १ चट्टा जे जस्तो आवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएका गोलिया काठ चिरान गर्ने स: मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी २२ औं दिन दिनको १:०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारी एवं सूचनाका लागि यस सामदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ ।



**हकदावीको सूचना**

मधेस प्रदेश, सप्तरी जिल्ला, शम्भुनाथ नगरपालिका वडा नं. १२ बस्ने टुनाई चौधरीको नाति, कमलेश्वर चौधरीको छोरा तथा रामतला चौधरीको श्रीमान् शम्भु प्रसाद चौधरीको मिति २०७८/०९/२५ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको खाता नं.०३८०५०८०३३६९१८ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी श्रीमति रामतला चौधरीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शाखा कार्यालय,
महाराजगंज, काठमाडौं
फोन न.:- ४०१६१५१
४०१६१५२


# स्वीडेनमा छानियो 'गाउँ आएको बाटो'

■ सौर्य समाचार

काठमाडौं । नवीन सुब्बाले निर्देशन गरेको चलचित्र 'गाउँ आएको बाटो' स्वीडेनको फिल्म फेस्टिभलमा छानिएको छ । स्वीडेनको 'एजियास्टिका फिल्म फेस्टिभल' मा यो चलचित्र छनोटमा परेको निर्माण पक्षले जनाएको छ । यसअघि यो चलचित्र स्वीडेनकै '४७ औं गोटेबर्ग इन्टरनेसनल फिल्म फेस्टिभल २०२४' समेत छानिइसकेको छ । यस्तै, टोरोन्टो फिल्म फेस्टिभलमा विश्व प्रिमियर भएको यो चलचित्र बुसान इन्टरनेसनल फिल्म फेस्टिभल, एसियन प्रिमियर, मामी मुम्बईमा साउथ एसियन प्रिमियर भइसकेको छ । चलचित्रले पूर्वीनेपालको हिमाली क्षेत्रमा बाँसको चोयाबाट डोकाडालो बनाएर जीवनयापन गर्ने माइला (दया), माइली (पशुपति राई) र उनीहरूको सात वर्षे छोरा बिन्द्रे (प्रसान राई) को गाउँमा मोटरबाटो भित्रिएसँगै आएका आधुनिक परिवर्तनले ल्याउने उथलपुथल र संघर्षको कथालाई उठान गरेको छ ।


Government of Nepal
Ministry of Urban Development
**Department of Urban Development & Building Construction**
**Project Office of Urban Development & Building Construction**
Bhadrapur-Jhapa

**Invitation for Bids (IFB):- 13/80-81**

**First date of publication: 2080/11/10 B.S.**

1. Project Office of Urban Development & Building Construction (PUDBC), Jhapa invites electronic bids for the construction of various works (Lot-13th) under National Competitive Bidding procedure. All the duly eligible and qualified registered bidders are requested to visit **PPMO E-Portal-www. Bolpatra.gov.np/egp (e-GP II)** for the detail information.

**Project Chief**



**Malaysia रोजगार** Yanling Natural Hyaiene Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०८०/११/०९ चलानी नं. ६०२१५२४३ LTNo. :300334

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker | 25 | साधारण | 1500 | ४१,४६९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० फागुन १७ गते (29 Feb., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.** श्रम ईजाजत नः ७६०/६५/६६
सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८, ९८०११२२५९, ९८०११२२५०, ९८०१०६४०९१



**वैदेशिक रोजगार** 1. Sowa Company for Drinks Provide, Saudi Arabia

पुर्ब स्वीकृति मितिः २०८०/११/०८ चलानी नं.:६०२१५२४० LT No. 300272

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 01 | काममा दक्ष | 1200 | ४२,३९७।- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| २. | Kitchen Utensil Cleaning Worker | 01 | | 1200 | ४२,३९७।- | | | | | |

2. Far-reaching Establishment For Serving Beverages, Saudi Arabia

पुर्ब स्वीकृति मितिः २०८०/११/०८ चलानी नं.:६०२१५२२४ LT No. 300273

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 01 | काममा दक्ष | 1200 | ४२,३९७।- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |

3. Prosys Projects Management Company, Kuwait

पुर्ब स्वीकृति मितिः २०८०/११/०४ चलानी नं.:६०२१५०८१ LT No. 300118

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Technician-Electrical/Plumbing | 04 | 00 | काममा दक्ष | 140 | ६०,२९३।- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| २. | Technical Worker/Helper | 05 | 00 | | 100 | ४३,०६७।- | | | | | |
| ३. | Foreman-technician | 02 | 00 | | 200 | ८६,१३४।- | | | | | |
| ४. | Light Driver | 02 | 00 | | 150 | ६४,६००।- | | | | | |

4. Paleo Restaurants Company, Kuwait

पुर्ब स्वीकृति मितिः २०८०/१०/२६ चलानी नं.:६०२१४६६६ LT No. 299770

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurants Crew | 02 | 00 | काममा दक्ष | 120 | ५१,६८०।- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| २. | Restaurants Worker | 01 | 00 | | 90 | ३८,७६०।- | | | | | |
| ३. | Light Driver | 02 | 00 | | 135 | ५८,१४०।- | | | | | |

अन्तरवार्ता २०८० फागुन १७ गते (29 Feb., 2024) यस प्रा. लि. कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

5. Vida United Group General Trading Co., Kuwait

पुन विज्ञापन । पुर्ब स्वीकृति मितिः २०८०/०१/२५ चलानी नं.:६०२०१०५१ LT No. 285639

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Salesperson (Male) | 30 | 0 | काममा दक्ष | 130 | ५५,९८१।- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| २. | Worker-utility(Indore) | 50 | 0 | | 90 | ३८,७५६।- | | | | | |

अन्तरवार्ता २०८० फागुन २०, २१, २२ र २३ गते (3, 4, 5 & 6 Feb., 2024) यस प्रा. लि. कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

Overtime & annual leaves are as per company rules.

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैले | कामदार आफैले | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १)आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला ।२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Decent Employment Pvt. Ltd.**
Govt. Lic. No.: 904/067/068
Sundarnagar Marga Basundhara Chowk, Kathmandu, Tel.: 01-5903104
Mob no.: 9851330036, 9863592122, 9863592123, 9801049115
Email: cv.decentemployment@gmail.com | decentemploymentnepal@gmail.com



**कटहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कटहरी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**(प्रकाशित मिति २०८०/११/१०)**

यस गाँउपालिकाबाट तपशिल अनुसारका योजनाहरु खरिद प्रकृयाबाट संचालनको लागि E-Bidding मार्फत बोलपत्र माग गरिए अनुसार पर्न आएका तपशिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेका बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ५४ को प्रयोजनार्थ दरभाउपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि आसयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको वोलपत्र | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | KRM/NCB/W/22/080/081 | रिङ्गरोड कालोपत्रेका लागी सडक स्तरोन्नती (दोश्रो खण्ड) कटहरी-२ | श्री रघुकुल सन्स कम्पनीज प्रा.लि, महादेवा-१, सप्तरी । | ७१,३१,१२६।३४ |
| २ | KRM/NCB/W/23/080/081 | सिंघियाखोला तटबन्धन (दोश्रो खण्ड) कटहरी-१ र २ | श्री समिर निर्माण सेवा, हनुमाननगर कंकालीनी-३, सप्तरी । | ४२,९८,९१५।०५ |
| ३ | KRM/NCB/W/24/080/081 | चौधरी चोकदेखि डिप बोरिङसम्मको बाटोमा अधुरो नाला निर्माण, कटहरी -१ | श्री जय मातादी निर्माण सेवा, बिराटनगर-७, मोरङ । | २७,२२,०९३।३५ |
| ४ | KRM/NCB/W/25/080/081 | स्वास्थ्य चौकीहरुमा २ कोठे ट्रष्ट भवन निर्माण, कटहरी-२,५ र ७ | श्री दुराना कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ प्रा.लि., बुढीगंगा-२, मोरङ । | २४,९८,१५८।६२ |
| ५ | KRM/NCB/W/26/080/081 | ५ नं. वडा कार्यालयको भौतिक पुर्वाधार निर्माण, कटहरी-५ | श्री ईन्भाइरोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाण्डौ । | १३,४७,२१५।५१ |
| ६ | KRM/NCB/W/27/080/081 | कटहरी स्वास्थ्य चौकीमा २ कोठे भवन निर्माण, कटहरी-३ | श्री ईन्भाइरोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. काठमाण्डौ । | १४,१६,३३२।०८ |

**प्रमुख प्रशासकीय अधिकृत**



बुटवलमा आयोजना हुन लागेको राष्ट्रिय प्रांगारिक कृषि मेलामा एक सय भन्दा बढी स्टल रहने भएका छन् । बुटवल उद्योग वाणिज्य संघ र लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयको आयोजनामा फागुन १० देखि बुटवल मण्डपमा राष्ट्रिय प्रांगारिक कृषि मेला आयोजना हुन लागेको हो



पोखरा महानगरपालिका- २० मा पर्ने आर्टीघर मौजामा सात करोडको लगानीमा आँटीघर भिलेज जंगल रिसोर्ट सञ्चालनमा आएको छ । १५ वर्ष हङकङ बसेका सरोज गुरुङले आफ्नै पुख्यौली थलोमा ३२ रोपनी जग्गामा ५ वटा भिल्लासहितको रिसोर्ट सञ्चालनमा ल्याएका हुन्



# सात महिनामा नौ खर्बको आयात

■ सौर्य समाचार



काठमाडौं । चालु आर्थिक वर्षको माघ मसान्तसम्म आठ खर्ब ९७ अर्ब रूपैयाँ बराबरको आयात भएको छ । साउनदेखि माघसम्ममा उक्त आयात भएको हो । गत आर्थिक वर्ष २०७९/८० को तुलनामा यो वर्ष २.३१ प्रतिशतले आयात घटेको छ । गत आर्थिक वर्षमा ९ खर्ब १९ अर्ब रूपैयाँ बराबरको आयात व्यापार भएको थियो ।

तर यो अवधिमा निर्याता व्यापार भने ८६ अर्ब ८३ करोड रुपैयाँ मात्रै भएको छ । निर्यात व्यापार पनि ७.०७ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा ९३ अर्ब ४३ करोड रूपैयाँको सामान निर्यात भएको थियो । आयात घटेको कारण व्यापार घाटा १.७७ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा ८ खर्ब २५ अर्ब रूपैयाँको व्यापार घाटा भएकोमा अहिले ८ खर्ब ११ अर्ब रूपैयाँ मात्रै व्यापार घाटा देखिएको छ ।

तर पेट्रोलियम पदार्थको आयात माघमा उच्च रहेको तथ्यांकले देखाएको छ । माघ महिनामा मात्रै नेपालले २७ अर्ब १८ करोड रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात गरेको छ । भन्सार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक वर्षको ७ महिनामा १ खर्ब ८४ अर्ब ९३ करोड रुपैयाँ बराबरको पेट्रोलियम पदार्थको आयात भएको हो । यो आयात नेपालको कुल आयातको २० प्रतिशत बढी हो ।

नेपालले पछिल्लो ७ महिनामा गरेको कुल आयातमा पेट्रोलियम पदार्थले मात्रै २० प्रतिशत हिस्सा ओगटेको छ । लगातार बढिरहेको नेपालको व्यापार घाटामा पनि सबैभन्दा ठूलो हिस्सा यसैको छ । माघ मसान्तसम्मको व्यापार घाटामा पेट्रोलियम पदार्थ एक्लैले १ खर्ब ८४ अर्ब ३७ करोड रुपैयाँ बराबरको हिस्सा ओगटेको छ ।

यसरी नेपालले औसतमा प्रति महिना २५ देखि २८ अर्ब बराबरको पेट्रोलियम पदार्थ खपत गरेको देखिएको छ । सरकारले नेपालको उच्च व्यापारघाटा घटाउनकै लागि पछिल्लो समय बिजुलीको खपत बढाउने रणनीति अपनाए पनि प्रभावकारी हुन सकेको देखिदैन् ।

माघ मसान्तसम्ममा नेपालले ७७ अर्ब ४१ करोड रुपैयाँ बराबरको ७ लाख २९ हजार किलोलिटर डिजेल, ३८ अर्ब ८२ करोड बराबरको ३ लाख ९१ हजार किलोलिटर पेट्रोल र ३० अर्ब ३१ करोड रुपैयाँ बराबरको २९ करोड ८९ लाख किलो खाना पकाउने ग्याँस आयात गरेको छ ।

सरकारले नेपालमा उत्पादिन विद्युत खपत बढाउने योजनाअघि सारे पनि घरायसी र औद्योगिक प्रयोजनका लागि आवश्यक बिजुली सम्बन्धित क्षेत्रमा पुऱ्याउन पूर्वाधार निर्माणमा ध्यान नदिँदा पेट्रोलियम पदार्थको आयात घटाउन नसकेको विज्ञहरुले बताउने गरेका छन् । घरायसी उपभोक्ताको घरमा गरिएको वायरिङले एउटा विद्युतीय चुलो बाल्न नसकिने अवस्था छ । अझ कतिपय स्थानमा बेलुकातिर सबैको घरमा हिटर बाल्दा पनि एकाएक टोलभरकै बत्ती जाने अवस्था आउँछ । यसरी पूर्वाधार नै निर्माण नगरी अर्थात पुरानो संरचनालाई नयाँपन नदिईकनै विद्युत खपत बढाउने र पेट्रोलियम खपत घटाउने योजनाले सार्थकता पाउन नसक्ने अवस्थाले इन्धन आयात घटाउन सकिएको छैन ।

## कपोरेट

### नेपाल एसबिआई बैंकद्वारा वृक्षारोपण



काठमाडौं । नेपाल एसबिआई बैंकले पशुपति मन्दिर परिसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वृक्षारोपण कार्यक्रम आयोजना गरेको छ ।

भारतीय स्टेट बैंकका प्रबन्ध सञ्चालक आलोककुमार चौधरीको नेपाल भ्रमणका दौरान वृक्षारोपण गरिएको हो ।

चौधरीले पशुपति मन्दिर परिसरमा रहेको कैलाश डाँडामा वृक्षारोपणको शुभारम्भ गरेका थिए । कार्यक्रममा बैंकका प्रमुख सञ्चालन अधिकृत यादवेन्द्र कान्त, सल्लाहकार छपिराज पन्त, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत रितेश अर्याल तथा बैंकका अन्य पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

### ग्लोबल आइएमईको शाखारहित बैंकिङ सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले पाँचथरको फिदिम नगरपालिका-१२, डेरी बजारमा नयाँ शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । यससँगै शाखारहित बैंकिङ सेवाको संख्या २७५ पुगेको छ ।

शाखारहित बैंकिङ सेवाको उद्घाटन फिदिम नगरपालिकाका उपमेयर राधाकृष्ण न्यौपाने, वडा नं. १२ का अध्यक्ष कमलप्रसाद चापागाईं तथा बैंकका सहायक महाप्रबन्धक दिलीप पोखरेलले संयुक्तरुपमा गरेका थिए ।

सो सेवाबाट ग्रामीण क्षेत्रका बासिन्दाले स्थानीय प्रतिनिधिमार्फत विभिन्न बैंकिङ सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको व्याज भुक्तानीलगायतका सेवा लिन सक्नेछन् ।

### बीमा सर्भेयर संघमा पुनः ढकाल



काठमाडौं । बीमा सर्भेयर संघ नेपाल (निसा) को अध्यक्षमा मोहन पुरुष ढकाल पुनः निर्वाचित भएका छन् ।

संघको १५औं वार्षिक साधारणसभा तथा नवौं अधिवेशनबाट ढकाल आगामी दुई वर्षका लागि पुनः अध्यक्षमा निर्वाचित भएका हुन् । अधिवेशनबाट उपाध्यक्षमा घनश्याम लेखक, महासचिवमा विकास महर्जन, सचिवमा प्रवेश पौडेल र कोषाध्यक्षमा भानु कँडेल निर्वाचित भएका छन् ।

यसैगरी संघका सहस्यहरुमा राजेश घिमिरे, सरोज श्रेष्ठ र नविन भट्ट रहेका छन् । एसोसिएसनको संस्थापक महासचिव हुँदै ढकालले धेरै पटक कार्यसमितिमा उपाध्यक्ष तथा एक कार्यकाल अध्यक्षको जिम्मेवारी बहन गरिसकेका छन् । नवनिर्वाचित अध्यक्ष ढकालले आफ्नो नेतृत्वमा सर्भेयरहरुको साझा संस्था निसालाई नयाँ आयामबाट माथि उठाउन प्रतिवद्ध भएर लाग्ने बताउँदै समग्र बीमा व्यवसायका सरोकारवाला सबै निकायबाट सहकार्य र सहयोगको अपेक्षा गरेका छन् ।

### बजाज पल्सर एनएस राइड सम्पन्न



काठमाडौं । बजाज मोटरसाइकलको नेपालका लागि आधिकारिक विक्रेता कम्पनी हंशराज हुलासचन्द एण्ड कम्पनीले बजाज पल्सर '१०० एनएस राइड' सम्पन्न गरेको छ । कम्पनीले १०० वटा बिरुवा रोप्ने उद्धेश्यको साथ सगरमाथा र जनकपुर क्षेत्रका ग्राहकहरुलाई समेटेर १०० एनएस राइड आयोजना गरेको थियो ।

उक्त राइड कार्यक्रममा उदयपुर कटारीमा रहेको सिसाघारी सिमसार क्षेत्रमा १०० भन्दा धेरै फलफूलको बिरुवा वृक्षारोपण गरेको छ । १०० भन्दा धेरै एनएस ग्राहकहरु सहभागी यो राइडमा जनकपुर, धनुषा, यदुकुवा, जलेश्वर, मिर्चैया, गोलबजार, राजविराज, बर्दिबास, गाइघाट, लहानलगायतका विभिन्न स्थानका राइडरहरु सहभागी रहेका थिए । उक्त कार्यक्रममा सहभागी सबै राइडरहरुले उत्साहका साथ वृक्षारोपण गर्नुका साथै विभिन्न मनोरञ्जनात्मक खेलहरुमा भाग लिएका थिए ।

विभिन्न खेलका विजेताहरुलाई कम्पनीले उपहारस्वरुप फुल हेलमेट प्रदान गरेको थियो । उक्त राइडमा ५० वर्षभन्दा बढी उमेर समहुका राइडरहरुको समेत सहभागिता रहेको थियो भने महिला राइडरको समेत सहभागिता रहेको थियो । '१०० एनएस राइडर्सको एउटै उद्धेश्य' भन्ने मूल नाराका साथ आयोजना गरेको यो कार्यक्रम नेपालको सबैभन्दा ठुलो कम्यूनिटी राइड भएको कम्पनीले जनाएको छ ।कम्पनीका अनुसार मोटरसाइकल विक्रेता कम्पनीले गरेको सम्भवत सबैभन्दा ठुलो राइड इभेन्ट १०० एनएस भएको छ । उक्त राइडमा सहभागीहरुले आगामी दिनमा पनि यस्तो कार्यक्रमलाई निरन्तरता दिन कम्पनीलाई सल्लाह र सुझाव दिएका थिए भने कम्पनीले पनि आगामी दिनमा यस्तै कार्यक्रमलाई अझै परिष्कृत गर्दै जाने प्रतिवद्धता जनाएको विज्ञप्तिमा उल्लेख छ ।

### कोका–कोला फाउन्डेसनद्वारा कालिटार सस्टेनेबल प्रोजेक्ट हस्तान्तरण



काठमाडौं । द कोका-कोला फाउन्डेसनले वाटरएड नेपाल, गोदावरी नगरपालिका र सिआइयुडीसँगको सहकार्यमा गोदावरी नगरपालिका-६ मा अवस्थित कालिटार सस्टेनेबल वाश प्रोजेक्ट हस्तान्तरण गरेको छ । यस परियोजनाले समुदायमा सुरक्षित, पर्याप्त र सुलभ खानेपानी पुऱ्याउने र मानिसहरूको सरसफाइ व्यवहारमा पनि सुधार गर्ने लक्ष्य राखेको छ ।

उक्त परियोजना मुख्य रूपमा तीनवटा प्रमुख उद्देश्यहरूमा केन्द्रित छ । यस क्षेत्रमा २ वटा इन्टेक जडान गर्ने, २ वटा रिजरभ्वोएर ट्यांकीको अपग्रेड गर्ने, २७६६ मिटर प्रसारण लाइन बिछ्याउने, १४८ घरधुरी र तीनवटा मन्दिरमा पानीको मिटर जोड्न ३७०२ मिटर पाइप जडान गर्दै यहाँको खानेपानी प्रणालीको बृहत् पुन:स्थापना गर्ने छ । समुदायको सरसफाइ अभ्यासहरूमा परिवर्तन ल्याउने, प्रयोगकर्ताहरुको क्षमता वृद्धि गरी समुदाय भित्र स्वच्छ व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने रहेको छ ।

कोका-कोला फाउन्डेसनका अध्यक्ष सादिया माड्सब्जर्गले यस परियोजनाको लागि उत्साह व्यक्त गर्दै दिगो समुदायहरू सिर्जना गर्ने प्रतिबद्धतालाई निरन्तरता दिएको बताए । हस्तान्तरण कार्यक्रममा गोदावरी नगरपालिका- ६ का अध्यक्ष विष्णुमान महर्जन परियोजनाको सफलता र यसले आम नागरिकमा सकारात्मक प्रभाव पारेको भन्दै खुसी व्यक्त गरेका थिए ।

### नेपाल बिटुमिन ब्यारेल उद्योगकामा तीन सञ्चालक चयन



काठमाडौं । नेपाल बिटुमिन तथा ब्यारेल उद्योगको ३३, ३४ र ३५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभामा प्रबन्ध सञ्चालक प्रदीपकुमार श्रेष्ठले आ.व. २०७७/०७८, २०७८/०७९ र २०७९/०८० मा विगतमा इण्डियन आयल कर्पोरेशन बाट बल्क बिटुमिन आयात गर्दा हल्दिया रिफाइनरीको मात्र प्रयोग भइरहेकोमा हाल आएर भारतमा रहेका नजिकका बरोनी तथा मथुरा रिफाइनरीहरूबाट समेत बल्क बिटुमिन ल्याउने कार्य भइरहेको जानकारी दिए । उनले यसरी आयात गरिएका बल्क बिटुमिनलाई नेपालका सिमावर्ती नाकामा बिक्री डिपो स्थापना गरी बजार विस्तारलाई निरन्तरता दिई बिक्री बढाउन पहल हुँदा आ.व. २०७९/०८० मा बिक्री वृद्धि भएको बताए ।

उद्योगलाई निजीकरण गरिएका उद्योगमध्ये नमुना उद्योगका रूपमा विकसित गर्दै लैजान आफू तथा सञ्चालक समिति लागिपरेको उनले बताए । विगतमा रहेको इमल्सन उत्पादन गर्ने पुरानो प्रविधिलाई प्रतिस्थापन गरी नयाँ डिजिटल अटोमेटिक प्रकृयाबाट सञ्चालनमा ल्याई उत्पादनसमेत वृद्धि गरी बजारमा पठाउने गरिएको छ ।

सभामा सर्वसाधारण तथा कर्मचारी कामदारको तर्फबाट अशोककुमार श्रेष्ठ र श्यामकृष्ण श्रेष्ठ उद्योगको सञ्चालकमा निर्विरोध निर्वाचित भएका छन् । त्यसैगरी स्वतन्त्र विशेषज्ञ सञ्चालकमा विकाश आचार्य चयन भएको कम्पनीले जनाएको छ ।

### युनाइटेड अजोड इन्स्योरेन्सको लाभांश पारित



काठमाडौं । युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडले सेयरधनीलाई १०.२६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पनि पारित गरेको छ ।कम्पनीको ३०औं वार्षिक साधारण सभाले सो प्रस्ताव पारित गरेको हो । साविकको युनाइटेड इन्स्योरेन्स र साविकको अजोड इन्स्योरेन्स मर्जर पश्चात संयुक्त रुपमा यनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको नामबाट जेठ १४ गतेबाट एकीकृत कारोबार भएको थियो । मर्जर पश्चात कम्पनीको चुक्ता पूँजी एक अर्ब ९० करोड ४५ लाख ६८ हजार रुपैयाँ कायम भएको थियो ।

सभामा सञ्चालक समितको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन, असार मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रभाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु पारित भएको छ । सभाले आर्थिक वर्ष २०८०/०८१ का लागि बाह्य लेखापरीक्षक जे.बि. राजभण्डारी एण्ड दिबिन्स, चार्टर्ड एकाउन्टेन्टस्‌लाई नियुक्त गरिएको छ ।

साथै सञ्चालक समितिको सदस्यहरुको निर्वाचन भई संस्थापक सेयरधनीतर्फ अजाद श्रेष्ठ, प्रणवकुमार दास र श्री बलराम खनाल निर्विरोध निर्वाचित भएका छन् भने सर्वसाधारण सेयरधनीतर्फ पानुदत्त पौडेल र शम्भु अधिकारी निर्वाचित भएका छन् ।

### पिजन ब्राण्डका घरेलु उपकरण नेपाली बजारमा




काठमाडौं । पिजन ब्राण्डका घरेलु उपकरण नेपालमा सार्वजनिक भएका छन् । लक्ष्मी ग्रुपअन्तर्गतको इलेक्ट्रोटेकले पिजनका उपकरण नेपालमा सार्वजनिक गरेको हो । कम्पनीले पहिलोपटक मिक्सर ग्रान्डर, कुकटप, आइरन र इन्डक्सन कुकटप लगायतका उपकरण सार्वजनिक गरेको बताएको छ । लक्ष्मी ग्रुपका निर्देशक अंकुश श्रेष्ठले पिजनसँगको सम्बन्ध विस्तार नयाँ कोसेढुंगा भएको बताए ।

### एलजीलाई एआई म्यानेजमेन्ट सिस्टम सर्टीफिकेसन

काठमाडौं । एलजी इलेक्ट्रोनिक्स (एलजी)ले हालै कोरियन स्ट्याण्डर्ड असोसिएसनबाट एआई प्रबन्धनप्रणाली(एआईएमएस) सर्टीफिकेसन प्राप्त गरेको छ । यो सर्टिफिकेसनले एलजीको एआई प्रयोग गरिएका घरेलु उपकरणमा जिम्मेवारपूर्ण तवरले एआई म्यानेजमेन्ट गरिएको र डेटा सुरक्षालाई प्राथमिकता दिएको कम्पनीको भनाइ छ ।

एआईएमएस प्रमाणीकरणको अधिग्रहणले सुरक्षा, निष्पक्षता, पारदर्शिता र जवाफदेहितालगायत आफ्ना एआई उत्पादन र सेवासँग सम्बन्धित सम्भावित मुद्दामा कडा नियन्त्रण सुनिश्चित गर्न एलजीको निरन्तर र व्यवस्थित प्रयासलाई स्वीकार गर्दछ । यस प्रमाणीकरणमार्फत, एलजीले ग्राहकको विश्वास बढाउन र आफ्नो प्रतिस्पर्धात्मकतालाई बलियो बनाउने लक्ष्य राखेको जनाएको छ ।

गत वर्ष, स्वतन्त्र सुरक्षा विज्ञान कम्पनी यूएलद्वारा वासिङ मेसिन र ड्रायरको लागि सम्मानित हुँदै एलजीले डिप लर्निङ एआई प्रमाणीकरण प्राप्त गर्ने पहिलो गृह उपकरण निर्माताको रूपमा आफूलाई अलग प्रमाणित गरेको थियो । साथै, एलजीले कोरिया इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजीबाट एआईमा आधारित एलजी वासटावरका लागि एआई सेफ्टी सर्टिफिकेसन प्राप्त गरेको छ ।

एलजीले नेपालमा पनि विगत ३५ वर्षदेखि दिगो तथा वातावरण मैत्री प्रविधियुक्तका साथै विगत केही वर्षदेखि एआई सम्मिलित उत्कृष्ट उत्पादन भित्र्याएको छ । नेपालभर एलजी ब्राण्डको आधिकारिक बिक्रेता चौधरी ग्रुपअन्तर्गत सिजी इलेक्ट्रोनिक्स रहेको छ ।

### जनकपुरमा गल्फ लुब्रिकेन्ट्सको मेकानिक्स भेला



काठमाडौं । नेपाल ल्युब आयल लिमिटेडले आफ्ना रिटेलरहरु तथा प्राइभेट ग्यारेज मेकानिक्ससँगको भेटघाट तथा छलफल कार्यक्रम जनकपुरमा सम्पन्न भएको छ । नेपाल ल्युब आयल लिमिटेडका आधिकारीक डिलर न्यू पुष्पा इन्टरप्राइजेज र जयसवाल ट्रेडर्ससँगको सहकार्यमा आयोजना भएको उक्त कार्यक्रममा १६० भन्दा बढी नयाँ बिक्रेता र मेकानिक्सहरुले सहभागिता जनाएका थिए ।

जनकपुर उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, उपाध्यक्ष अम्भुप्रसाद साह र नेपाल ल्युब आयल लिमिटेडका सेल्स र मार्केटिङ विभागका पदाधिकारीको उपस्थितिमा सम्पन्न भएको थियो ।

बिगत ६ वर्षदेखि डिलरको रुपमा जनकपुर र जलेश्वर क्षेत्रमा बिक्री वितरण गर्दै आइरहेका न्यू पुष्पा इन्टरप्राइजेज र जयसवाल ट्रेडर्सले यसक्षेत्रमा गल्फ लुब्रिकेन्टको माग अत्यधिक रहेको र ग्राहकको पहिलो रोजाइमा रहेको बताएका छन् । कार्यक्रममा नेपाल ल्यूब आयलका प्रादेशिक बजार व्यवस्थापक दिनेश यादवले गल्फका विभिन्न उत्पादनहरूको बारेमा जानकारी गराएका थिए ।

उनले नेपाल ल्युब आयलको अटोमोबाइलदेखि उद्योगहरूमा प्रयोग हुने सबै सेग्मेंट्स र ग्रेडका लुब्रिकेन्ट्स, ग्रीजको बारेमा जानकारी गराएका थिए । त्यस्तै उनले नेपाल ल्युब आयलले बिक्री गरिरहेको ब्याट्रीको बारेमा पनि प्रस्तुतीकरण दिएका थिए ।

कार्यक्रममा गल्फ लुब्रिकेन्टका रिटेलर जानकी मोटर स्पेयर र सुजित एंड सुमित अटोलाई वेष्ट सेल्स अवार्ड प्रदान गरेको थियो । साथै आगामी दिनमा पनि सेल्सको आधारमा सो अवार्ड प्रधान गरिने कम्पनीले जनाएको छ । फ्युल रिटेल र लुब्रिकेन्टको क्षत्रमा गल्फ विश्वमै परिचित ब्रान्ड हो र यसले अटोमोटिभ देखि इन्डष्ट्रियल सेक्टरसम्मका उत्पादन उपलब्ध गराउँछ ।

### लक्ष्मी सस्टेनेबल फण्ड र पुवा खोलाबीच सम्झौता



काठमाडौं । लक्ष्मी सनराइज (एलएस) क्यापिटल कोष प्रबन्धक भएको लक्ष्मी सस्टेनेबल एनर्जी फण्ड र पुवा खोला-वान हाइड्रोपावर लिमिटेडबीच लगानी गर्ने सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता–पत्रमा लक्ष्मी सनराइजक्यापिटलको तर्फबाट अध्यक्ष राजिब सापकोटा तथा पुवा खोला-वान हाइड्रोपावरको तर्फबाट अध्यक्ष किरण मल्लले हस्ताक्षर गरेका हुन् ।

विशिष्टीकृत लगानी कोष नियमावलि २०७५ अन्तर्गत प्राइभेट इक्विटी र भेन्चर क्यापिटल कोष सञ्चालन गर्न कोष प्रबन्धकको इजाजतपत्र प्राप्त गर्ने पहिलो केही कम्पनीमध्ये लक्ष्मी सनराइज क्यापिटल एक हो । एलएस क्यापिटको पहिलो प्राइभेट इक्विटी कोष हो । क्यापिटलको आकार १ अर्व रहेको छ । एलएस बजारको तुलनामा उच्च प्रतिफल प्रदान गर्दै समाजमा प्रभाव पार्ने उद्देश्यले सुरु गरिएको कोष हो । एलएस क्यापिटल मर्चेन्ट बैकमध्ये प्राइभेट इक्विटी कोष खोल्न स्वीकृति प्राप्त गरी लगानी गर्ने पहिलो मध्येको एक मर्चेन्ट बैंक हो । यो कोषले मुख्यतया जलविद्युत, सौर्य र वायु ऊर्जालगायत दिगो ऊर्जा क्षेत्रमा लगानी गर्नेछ । पुवा खोला-वानले पुवा खोला जलविद्युत आयोजना निर्माण गरेको छ । यस आयोजनाले विद्युत उत्पादन थालिसकेको छ । इलाम जिल्लामा अवस्थित यस आयोजनाको उत्पादन क्षमता ४ मेगावाट रहेको छ ।

### कामना बैंकमा भिडियो केवाईसी मार्फत खाता खोल्न सुविधा

काठमाडौं । कामना सेवा विकास बैंकले आफ्ना ग्राहकहरुलाई अनलाईन माध्ययमवाट खाता खोली ग्राहक पहिचान विवरण (केवाइसी) अध्यावधिक गर्ने मोड्युल सार्वजनिक गरेको छ । उक्त मोड्युल सार्वजनिक भएसँगै कामना सेवा विकास बैंकमा खाता खोल्नको लागि ग्राहक स्वयं उपस्थित हुनु पर्ने छैन ।

अनलाईन माध्ययमवाट खाता खोल्न सक्ने व्यवस्था यसअघि नै गरिएको भए पनि ग्राहकले आफ्नो विवरण अद्यावधिक गर्नको लागि बैंकमा स्वयं उपस्थित हुनुपर्ने व्यवस्था थियो । उक्त प्रविधिलाई थप परिष्कृत बनाउँदै ग्राहकले अनलाईन खाता खोल्ने क्रममा बैंक प्रतिनिधिसँग आफूलाई पायक पर्ने समय तय गरेर वा अनलाईन खाता खोल्ने क्रममा माग गरिएका कागजात तथा अन्य आवश्यक विवरण रेकर्ड गरी आफ्नो ग्राहक पहिचान विवरण अद्यावधिक गर्न सकिने छ ।

यो सुविधा प्रयोग गर्न बैंकको डिजिटल प्लाटफर्म मार्फत् खाता खोल्न र आफ्नो विवरण अद्यावधिक गर्न सकिने छ । बैंकले यो व्यवस्था ल्याएसंगै स्वदेश तथा विदेशमा रहनुभएका महानुभावहरुले आफू अनुकुल विभिन्न प्रकारका खाता खोल्न सकिने भएको छ । बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुले आफ्नो खाता खोलेर डिम्याट, मेरो शेयर लगायतका सुविधाहरु प्रयोग गर्न सकिने बैंकले जनाएको छ । बैंकले अनलाईन खाता खोल्ने प्रकृयाको विस्तृत विवरण समेत सार्वजनिक गरेको छ । उक्त भिडियो बैंकको वेभसाईट तथा अन्य सामाजिक संजालमा राखिएको बैंकले जनाएको छ । डिजिटल प्रविधीलाई अधिकतम प्रयोग गर्दै आईरहेको बैंकले देशका विभिन्न स्थानमा रहेका १३५ संजाल तथा ७७ वटा एटिएमवाट सेवा प्रदान गर्दै आइरहेको छ ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१

# सौर्य खेलकुद



रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले उत्तर कोरियाली नेता किम जोङ उनलाई लक्जरी कार उपहारमा दिएका छन् । पुटिनले किमलाई रुसमै बनेको लक्जरी सेडान कार अरस दिएका हुन् । यस्तै खालको कार पुटिन आफैँले पनि प्रयोग गरिरहेका छन् । यो लिमोजिन कार किमको शीर्ष सहयोगीलाई आइतबार दिइएको उत्तर कोरियाको सरकारी सञ्चार माध्यमले भनेको छ

नेपाली क्रिकेट टोलीले भारतीय दुई घरेलु टोली गुजरात र बरोडासँग त्रिकोणात्मक टी-२० सिरिज खेल्ने भएको छ । गुजरात क्रिकेट एसोसिएसन र बरोडा क्रिकेट एसोसियसनले फ्रेन्ड कप त्रिकोणात्मक टी-२० सिरिजमा नेपाललाई खेलाउने भएका हुन् । चैत्र १७ (३१ मार्च) देखी सुरु हुने त्रिकोणात्मक सिरिज राउन्ड रोबिनको आधारमा हुनेछ



## सिरियामाथि नेपालको शानदार जीत




■ सौर्य समाचार

काठमाडौं । २०२४ को वेस्ट एसियन फुटबल फेडरेसन च्याम्पियनसीपमा नेपाली महिला फुटबल टोलीले सिरियामाथि शानदार जीत हासिल गरेको छ । मंगलबार साउदी अरबमा भएको खेलमा ४-१ गोलअन्तरले विजयी बनेको हो । नेपालको जीतमा अमिशा कार्की, अनिता बस्नेत, साबित्रा भण्डारी र रेखा पौडेलले एक-एक गोल गरे । अमिशाले खेलको १०औँ मिनेटमा नेपाललाई अग्रता दिलाएकी थिइन् । १३औँ मिनेटमा अनिताले सिधै कर्नरबाट शानदार गोल गरिन् ।

१९औँ मिनेटमा साम्बाले एक गोल थप्दै टोलीको अग्रता फराकिलो बनाइन् । ४३ औँ मिनेटमा सिरियाकी नुरु मुस्तफाले एक गोल फर्काए पनि दोस्रो हाफमा रेखा पौडेलले अर्को गोल थप्दे टोलीको जीत सुनिश्चित गरिन् । नेपालले पहिलोपटक यो प्रतियोगितामा सहभागिता जनाएको हो । प्रतियोगितामा आठ टोली सहभागी रहेका छन् । नेपाल समूह बीमा रहेको छ । नेपालसँगै समूहमा प्यालेस्टाइन, इराक र सिरिया रहेका छन् । नेपालले अर्को खेल बिहीबार इराकविरुद्ध खेल्नेछ ।

◆ आईसीसी क्रिकेट विश्वकप लिग-२

## नामिबियासँग नेपाल दोश्रो पटक पराजित

■ सौर्य समाचार

काठमाडौं । आईसीसी विश्वकप क्रिकेट लिग२ मा नेपालले नामिबियासँग दोस्रो हार व्यहोरेको छ । बुधबार भएको खेलमा नामिबियाले घरेलु टोली नेपाललाई २ विकेटले पराजित गरेको हो । त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा नामिबियाले टस जित्यो र नेपाललाई ब्याटिङको निम्तो दिएको थियो । ओपनर कुशल भुर्तेल र आसिफ शेखले राम्रो सुरुवात गरेका थिए । तर सातौं ओभरमा नेपालले दुई विकेट गुमायो । बर्नार्ड स्कोल्जले ओभरको दोस्रो बलमा भुर्तेललाई १८ रनमै आउट गरे भने चौथो बलमा अनिलकुमार साहलाई शुन्य रनमै आउट गरे । नेपालले थप ५ रन जोड्दा देव खनाल पनि शून्यमै आउट भए । आसिफ शेखले कुशल मल्लसँग मिलेर नेपालको इनिङ्स अगाडि बढाए । दुवैले चौथो विकेटका लागि ५७ रनको साझेदारी गर्दै नेपालको स्कोर १०० रन पुर्‍याए ।

त्यसक्रममा आसिफले अर्धशतक पनि पूरा गरे । तर २०औं ओभरको पाँचौ बलमा स्कोल्जले नै आसिफलाई एलबीडब्लू धरापमा पारे । कप्तान रोहितकुमार पौडेल ९ बल खेलेर शून्यमै आउट भए । भीम सार्की र कुशल मल्लले साझेदारीको संकेत देखाएका थिए, तर २७औं ओभरको तेस्रो बलमा लेगमा सर्ट खेल्ने क्रममा फाइन लेगमा क्याच आउट भए । थप ४४ रन जोड्दा नेपालले बाँकी ४ विकेट गुमायो र ३७.१ ओभरमा १६८ रनमा अलआउट भयो । नेपाललाई सस्तैमा समेट्ने क्रममा



नामिबियाका स्कोल्ज र निकोल लेफ्टी-इटनले समान ४-४ विकेट लिए भने ज्याक ब्रेसल र जेराल्ड एरास्मसको नाममा १-१ विकेट रह्यो । १६९ रनको लक्ष्य पछ्याएको नामिबियाको पनि सुरुवात राम्रो रहेन । मात्र १० रन जोड्दा ओपनर निको डाभिन (८) रनआउट भए भने थप ७ रन जोड्दा रोहितकुमार पौडेलले जेपी कोट्जेको विकेट लिए । तर माइकल भान लिंगेन र जेराल्ड एरास्मसले तेस्रो विकेटका लागि महत्वपूर्ण ५२ रनको साझेदारी गरे । १३औं ओभरको पहिलो बलमा कुशल मल्लले लिंगेनको विकेट लिए ।

त्यसपछि एरास्मसले ठूलो साझेदारी त गर्न सकेनन्, तर २२औं ओभरको अन्तिम बलमा आउट हुनुअघि अर्धशतक पूरा गरे । ५६ बल खेलेका उनले ८ चौका र २ छक्काको मद्दतमा ५२ रन बनाएका थिए । नेपालले थप ३ विकेट लियो, तर छैटौं नम्बरमा आएका जेजे स्मिथले अविजित ३४ रनको महत्वपूर्ण पारी खेलेपछि नामिबियाले ४० ओभरमा ८ विकेट गुमाएर विजयी लक्ष्य भेट्टायो ।

नेपालका लागि कुशल भुर्तेलले ३ विकेट लिंदा दीपेन्द्र सिंह ऐरी, रोहितकुमार पौडेल र कुशल मल्लको नाममा एक-एक विकेट रह्यो । त्रिदेशीय सिरिजको पहिलो खेलमा पनि नेपाल नामिबियासँगै ४ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा नेदरल्याण्ड्सलाई ९ विकेटले हराएको थियो । अब नेपालले आइतबार नेदरल्याण्ड्ससँग खेल्नेछ ।

## अस्ट्रेलियासँग ६ विकेटले हार्‍यो न्युजिल्यान्ड



■ एजेन्सी

वेलिङ्गटन । पहिलो अन्तर्राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा बुधबार अस्ट्रेलियाले घरेलु टोली न्युजिल्यान्डलाई ६ विकेटले हराएको छ । जितसँगै भ्रमणकारी टोली अस्ट्रेलियाले तीन खेलको शृंखलामा १-० को अग्रता पनि हासिल गरेको छ । टस जिती पहिले ब्याटिङको निर्णय लिएको न्युजिल्यान्डले निर्धारित ओभरमा तीन विकेट गुमाएर दुई सय १५ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको अस्ट्रेलियाले निर्धारित ओभरमा चार विकेट गुमाएर विजयलक्ष्य पुरा गर्‍यो । अस्ट्रेलियाको जितमा कप्तान मिचेल मार्सले अविजित ७२ रनको योगदान गरे । उनले केवल ४४ बलको सामना गरी सात छक्का र दुई चौका हिर्काए । ओपनर डेभिड वार्नरले पनि ३२ रन बनाए । उनले २० बलमा तीन छक्का र एक चौका प्रहार गरे । टिम डेभिडले पनि अविजित ३१ रनको योगदान गरे । उनले केवल १० बलमा तीन छक्का र दुई चौका पनि हिर्काए । ओपनर ट्राभिस हेडले २४, ग्लेन म्याक्सवेलले २५ र जस इङ्लिसले २० रन बटुले । न्युजिल्यान्डका बलर मिचेल सान्टनरले दुई तथा लोकी फर्गुसन र एडम मिल्नेले एक-एक विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको न्युजिल्यान्डका लागि दुई ब्याट्सम्यानले अर्धशतक बनाएका थिए । रचिन रविन्द्रले ६८ रन बनाएका थिए । उनले केवल ३५ बलमा ६ छक्का र दुई चौका पनि हिर्काएका थिए । ओपनर डेभोन कनवेले पनि ६३ रन बनाएका थिए । उनले ४६ बलमा दुई छक्का र पाँच चौका प्रहार गरे । ओपनर फिन एलनले पनि १७ बलमा तीन छक्का र दुई चौकाको मद्दतले ३२ रन बनाएका थिए । अस्ट्रेलियाका बलर मिचेल स्टार्क, प्याट कुमिन्स र मिचेल मार्सले एक-एक विकेट लिए । मिचेल मार्स प्लेयर अफ दी म्याच घोषित भए ।

## ऐतिहासिक पदक जित्न सफल एरिका सम्मानित

■ सौर्य समाचार

काठमाडौं । १९ औं एसियाली खेलकुदको करातेतर्फ ऐतिहासिक पदक जित्न सफल एरिका गुरुङ सम्मानित भएकी छन् । कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा मनास्लु वर्ल्ड कलेजले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले ऐतिहासिक पदक विजेता एरिकालाई सम्मान गरेका हन् । एरिकाले गत असोजमा चीनको हाङझाउमा भएको एसियाली खेलकुदमा रजत पदक जितेकी थिइन् । एरिकाले जितेको रजत एसियाली खेलकुदको करातेमा कुनै पनि नेपाली खेलाडी जितेको पहिलो र एक मात्र रजत हो । एरिका भन्दाअघि तेक्वान्दोकी सविता राजभण्डारीले १९९८ को बैंकक एसियाड तथा पाराग्लाइडिङको पुरुष टिम क्रस कन्ट्रीमा



विमल गुरुङ, विजय गौतम, सुशील गुरुङ, युकेश गुरुङ र विशाल थापाले २०१८ को इन्डोनेसियामा भएको एसियाली खेलकुदमा रजत जितेका थिए । हाङझाउ एसियाडअघि एरिकाले इन्डोनेसियाको जकार्तामा भएको १० औं विश्व सितोरियो कराते च्याम्पियनसिपमा स्वर्ण जितेकी थिइन् ।

## गोपीले लन्डन म्याराथनमा दौडने

■ सौर्य समाचार

काठमाडौं । नवौं धारा नेपालगन्ज म्याराथनका विजेता गोपीचन्द्र पार्कीले यसपटकको टिसिएस लण्डन म्याराथनमा दौडने पक्का भएको छ । नेपालगन्ज म्याराथनले सोमबार पत्रकार सम्मेलन गर्दै गोपीको सहभागिता निश्चित भएको जानकारी गराएको छ । गोपीले आफ्नो लागि नेपालगन्ज म्याराथन सधैं लक्की रहँदै आएको बताएका छन् । पहिलो पटक विजेता बन्दा ओलम्पिकको लागि छनोट हुने भनिएको थियो । यसपटक लण्डन म्याराथन खेल्ने मौका मिलेको छ,' उनले भने, 'नेपालगन्ज म्याराथनको रुट नेपालकै सबैभन्दा राम्रोमा पर्दछ । लण्डन म्याराथनमा राम्रो नतिजाको लागि प्रयास गर्नेछु ।' लण्डन म्याराथन २०८१ वैशाख ९ (अप्रिल २१) मा हुनेछ । गोपीको को लण्डन म्याराथनका लागि नेपाल युके रनले




व्यवस्थापन गरेको छ । युके रनका प्रतिनिधि सन्तोष राईले भविष्यमा पनि नेपालगन्ज म्याराथन र हाफ म्याराथनका विजेतालाई पनि लण्डन म्याराथनमा सहभागिता गराउन प्रयास गरिने बताएका छन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सचिव टंकलाल घिसिङले नेपालगन्ज, पोखरा र काठमाडौं म्याराथनलाई राखेपले महत्वका साथ हेरेको बताएका छन् । सिटी म्याराथनमा खासमा स्थानिय निकायकै भूमिका हुन्छ,' उनले भने, 'तथापी त्यसमा राखेपको पनि साथ रहँदै आएको छ ।' उनले गोपीलाई सफलताको शुभकामना दिए । राष्ट्रिय टिम तयारी निर्देशक दीपक विष्टले लामो तयारीपछि मात्र सफल प्राप्त गर्न सकिने र त्यसमा परिषद्को पनि भूमिका रहनुपर्नेमा जोड दिए । नेपालगन्ज म्याराथनका संस्थापक अध्यक्ष टीएस ठकुरीले नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउने योजनामा साथ दिएकोमा युके रनलाई धन्यवाद दिए । मंसिर ९ गते भएको नवौं धारा नेपालगन्ज म्याराथन २ घन्टा २१ मिनेट ३८ सेकेन्डमा पूरा गर्दै उपाधि जितेका थिए ।

विश्व

## भारतीय किसानद्वारा दिल्लीमा पुनः आन्दोलन सुरु

■ एजेन्सी

पटियाला । बालीको उच्च मागमा सरकारसँग सम्झौता गर्न असफल भएपछि ट्र्याक्टरमा सवार हजारौँ किसान बुधबार नयाँदिल्लीतर्फ जानका लागि फेरि तयार भएका छन् । विरोध प्रदर्शनले राजधानीमा राजमार्गहरूको वर्षभरिको घेराबन्दीलाई सफलतापूर्वक दोहोर्‍याउने आशा गरिएको छ । उक्त विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमाथि सन् २०२१ मा आफ्नो कृषि सुधार योजनाहरूलाई त्याग्न दबाब दिएको थियो । प्रहरीले गत सातादेखि नै शम्भूको सानो गाउँनजिकै उनीहरूको गन्तव्यको उत्तरमा धेरै घण्टाको दूरीमा कृषि मेसिनरीमा किसानहरूको एक माइल लामो स्तम्भलाई रोकेर राखेको छ ।

प्रदर्शनकारीहरूले अश्रु ग्यासको ब्यारेजहरू प्रयोग गरेर उनीहरूलाई तितरबितर गर्ने प्रयासलाई विफल बनाएका छन् र उनीहरूको प्रगति रोक्नका लागि धातु स्पाइकहरू र कङ्क्रिट बेरिकेड्सको डरलाग्दो नाकाबन्दी पार गर्ने वाचा गरेका छन् । किसान युनियनहरूले चामल,



गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानून बनाउन माग गरिरहेका छन् । उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र विश्वव्यापी पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन् । सरकारका मन्त्रीहरू र युनियनहरूबीच वार्ताको परिणामको प्रतीक्षा गर्नका लागि प्रदर्शनकारीहरूले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायीरूपमा रोकेका थिए । यद्यपि धेरै चरणको वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ । फार्म लियर जगजीत सिंह दल्लेवालले सोमबार राति प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) लाई केही तर सबै बालीका लागि मूल्यको ग्यारेन्टी विस्तार गर्ने पछिल्लो सरकारी प्रस्ताव 'किसानको हितमा नभएको' बताए । भारतको एक अर्ब ४० करोड जनसङ्ख्यामा दुई तिहाई मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन् । यो मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब पाँच भागको एक भाग हो । यद्यपि पछिल्ला केही दशकदेखि कृषि आम्दानी धेरै हदसम्म स्थिर बनेको छ र यो क्षेत्रलाई लगानी र आधुनिकीकरणको नितान्त आवश्यकता छ । गरिबी, ऋण र जलवायु परिवर्तनले लगातार खराब मौसमी अवस्थाबाट प्रभावित बालीका कारण प्रत्येक वर्ष हजारौँ भारतीय किसानले आत्महत्या गर्छन् । आफ्नो विशाल सङ्ख्याका कारण किसानहरूको राजनीतिक प्रभाव छ र अप्रिलमा सुरु हुने राष्ट्रिय निर्वाचनअघि नयाँ सिराबाट विरोध प्रदर्शन हुँदैछ । सन् २०२० नोभेम्बरमा कृषि सुधार कानूनविरुद्धको अभियानमा हजारौँ किसानले एक वर्षभन्दा लामो समयसम्म दिल्लको सडकलाई घेरेका थिए । किसानको विरोधका कारण मोदी सरकार पछि हट्नुपर्‍यो र उसले एक वर्षपछि कानूनलाई निलम्बन गर्नुपर्‍यो ।

## एमाजनका संस्थापकले बेचे साढे ८ अर्ब डलरको शेयर

■ एजेन्सी



क्यालिफोनिर्या । अमेरिकाका खर्बपति व्यापारी जेफ बेजोसले अनलाइन खुद्रा कम्पनी एमाजनको अर्का १ करोड ४० लाख कित्ता शेयर बेचेका छन् । बेचेको शेयरको मूल्य २ अर्ब ४० करोड डलर आसपास रहेको छ । पछिल्लो चरणको विक्रीसँगै गएको ९ ओटा कारोबार दिनमा कम्पनीबाट करिब ५ करोड कित्ता शेयर विक्री भएको छ । यसको मूल्य साढे ८ अर्ब डलर भएको बताइएको छ । नोभेम्बरमा नै बेजोसले आगामी वर्षभरमा कम्पनीको ५ करोड कित्तासम्म शेयर बेच्ने घोषणा गरेका थिए । गएको वर्ष कम्पनीको शेयर मूल्य ७६ प्रतिशतले बढेको थियो । बेजोस कम्पनीको संस्थापक र कार्यकारी अध्यक्ष हुन् । उनले यस अघि सन् २०२१ मा एमाजनको शेयर बेचेका थिए । उनले बेलाबेलामा शेयर दान पनि गर्ने गरेका छन् । मियामीबाट बेजोस गएको वर्ष सियाटल बसाई सरेका थिए । उनले बेचेको शेयरमा त्यहाँ करिब ६० करोड डलर बराबरको कर बचाउने छन् । तर संघीय करहरू भने तिर्नु पर्नेछ । बेजोस एमाजनका सबैभन्दा ठुलो शेयरधनी हुन् । ब्लुम्बर्ग बिलेनियर्स इन्डेक्सका अनुसार बेजोसको नेटवर्थ १ खर्ब ९० अर्ब डलरभन्दा धेरै छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी